का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ वैशाख २०८०,
आइतबार
30 April 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २१, अंक ९४ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com




नागरिकता

## सधैं संकट, सधैं एजेण्डा

दुवै सत्ता समीकरणले सार्वजनिक गरेको संयुक्त सरकारको न्यूनतम साझा कार्यक्रममा नागरिकता ऐन संशोधन गर्ने वाचा छ । तर नागरिकता ऐन संशोधन विधेयक दर्ता नै नगरी प्रतिनिधि सभाको हिउँदे अधिवेशन अन्त्य भएको छ ।

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, १६ वैशाख

संविधान जारी भएपछिका सबै सरकारले प्राथमिकतामा राखेको विषय हो- नागरिकता विधेयक । तर प्राथमिकतामा राखे अनुसार कानून बनाउने प्राथमिकता नहुँदा नागरिकता बिहीनहरु आक्रोशित छन् । गत ४ मंसिरको चुनाव पछि बनेको सरकारको पनि नागरिकता




फाइल तस्बिर



नागरिकता विधेयक ल्याउँछु भन्ने तर नल्याउने राजनीतिक प्रवृति नै मुख्य समस्या भयो । समाधानका लागि नागरिक र सडकको दबाब नै आवश्यक भए जस्तो महसुस हुन्छ ।

**सविन श्रेष्ठ**
अधिवक्ता

विधेयकलाई प्राथमिकतामा राखेको बताउँदै आएको छ । विश्वासको मत माग्दै गर्दा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ६ महिनाभित्र नागरिकता ऐन संशोधन गर्ने वाचा गरेका थिए ।

चुनावपछि पाँच महिनाको अवधिमा सत्ता समीकरण फेरियो । एमालेको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्ड हाल कांग्रेसको समर्थनमा सरकारको नेतृत्वमा छन् । दुवै समीकरणले सार्वजनिक गरेको सरकारको न्यूनतम साझा कार्यक्रममा नागरिकता ऐन संशोधन गर्ने वाचा छ । तर यसका लागि नागरिकता ऐन संशोधन विधेयक दर्ता नै नगरी प्रतिनिधि सभाको पहिलो अधिवेशन अन्त्य भएको छ। २५ पुसदेखि वैशाख १५ सम्म चलेको प्रतिनिधि सभाको अधिवेशनमा >>> पृष्ठ २ मा

रास्वपा रणनीति

## स्वार्थ मिले सरकारमा

रास्वपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छैन । बरु स्वार्थ मिले सरकारमा जान सकिने रास्वपाकै नेताहरु बताउँछन् । यस विषयमा रास्वपा आन्तरिक छलफलमा छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ वैशाख

चुनाव जिते लगत्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले सरकारलाई दिएको समर्थन कायम राखिराख्नुपर्ने बाध्यता नरहेको बताएका थिए । वैशाख १५ गते शपथ लिँदा पनि उस्तै भाषा प्रयोग गरे । तर रास्वपाले सरकारलाई दिएको समर्थन फिर्ता लिनेबारे पार्टीमा छलफल चलाएको छैन् । बरु स्वार्थ मिले सरकारमा जान सकिने रास्वपाकै नेताहरु बताउँछन् । यस विषयमा रास्वपा आन्तरिक छलफलमा छ ।

नेताहरुका अनुसार रास्वपाले सरकारमा सहभागी हुन साविकको मन्त्रालय पाउनुपर्ने सर्त राखेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले रास्वपालाई पनि समेटेर सरकार विस्तार गर्न चाहेका छन् । सरकारमा सहभागी हुनेबारे प्रधानमन्त्री प्रचण्ड र रास्वपाका सभापति रवि लामिछानेबीच कुराकानी पनि भएको छ ।

'प्रधानमन्त्रीसँग कुरा भएको छ । सरकार गठनका विषयमा छलफल भएको छ,' रास्वपाका प्रवक्ता डा. मुकुल ढकाल भन्छन्, 'सरकारमा नजाने भन्ने छैन । त्यसका लागि साझा न्युनतम कार्यक्रम संशोधन हुनुपर्छ ।'

नेताहरुका अनुसार रास्वपा सभापति रवि लामिछानेले प्रधानमन्त्रीसँग साविकको मन्त्रालयको विषयमा कुरा गरेका छन् । १० पुसको गठबन्धनमा रास्वपाले गृह, श्रम, शिक्षा र स्वास्थ्य राज्यमन्त्री पाएको थियो ।

यी मन्त्रालय पाए सरकारमा सहभागी हुने रास्वपाको अडान छ । तर यी मन्त्रालयहरु सत्ता समीकरण फेरिएसँगै अन्य दलहरुको भागमा समेत छ । दलहरुबीचको भागवण्डा नै फेरबदल हुने भएकाले त्यसतर्फ जान नसकिने प्रधानमन्त्री प्रचण्डको संकेत छ । यस्तो समस्या समाधान गर्नका लागि रास्वपाले गृहमन्त्रालयमा अडान लिएको छ । गृहमन्त्रालय माओवादी केन्द्र आफैंले राखेको छ । माओवादीका नारायणकाजी श्रेष्ठ गृहमन्त्री छन् । उनको ठाउँमा रवि लामिछानेलाई ल्याउन प्रधानमन्त्री प्रचण्ड तयार हुनुपर्ने रास्वपाको शर्त छ ।

माओवादी केन्द्रका एक नेताका अनुसार प्रधानमन्त्री प्रचण्ड रास्वपालाई तीन मन्त्रालय दिन तयार छन् । तर गृह मन्त्रालय दिने रास्वपालाई दिने/नदिने निर्णय प्रधानमन्त्रीले गर्न सकेका छैनन् ।

प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिए पनि रास्वपा सत्ता गठबन्धनमा छैन । १० वैशाखको चुनाव लगत्तै सरकारलाई दिएको समर्थन फिर्ता लिनेबारे निर्णय लिने बताएको रास्वपाले यसबीचमा कुनै निर्णय लिएको छैन । >>> पृष्ठ २ मा



प्रधानमन्त्रीसँग कुरा भएको छ । सरकार गठनका विषयमा छलफल भएको छ । सरकारमा नजाने भन्ने छैन । त्यसका लागि साझा न्यूनतम कार्यक्रम संशोधन हुनुपर्छ ।

● **डा. मुकुल ढकाल**
**महामन्त्री, रास्वपा**

## 'सरकारले साथ दिए सुकुम्बासी समस्या हट्छ'



संघीय सरकार र काठमाडौं महानगरपालिकाको टकरावले उपत्यकाका सुकुम्बासी हटाउने विषय वर्षौंदेखि भाषणमै सीमित भएको छ । दशकौंदेखि उपत्यकाका खोला किनार अतिक्रमण गर्दै बसेका सुकुम्बासी बस्ती हटाउने भन्दा पनि संघ र महानगरको दोषारोपणले उक्त काम अघि बढ्न सकेको छैन । अर्कोतिर सोही कामका लागि शहरी विकास मन्त्रालय अन्तर्गत स्थापित भएको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले स्थापनाको २६ वर्षसम्म समस्या हल गर्न सकेको छैन । बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष उद्धव तिमल्सिना सरकारको साथ मिले यो समस्या हल गर्न समस्या नरहेको बताउँछन् । प्रस्तुत छ, मध्यान्ह दैनिकका लागि **कान्ति न्यौपाने**ले **उद्धव तिमल्सिना**सँग गरेको कुराकानीको सम्पादित अंश :

सुकुम्बासी बस्ती हटाउने योजना किन रोकिएको हो ?

हामी सुकुम्बासीबस्ती हटाउन प्रधानमन्त्री र गृहमन्त्रको लेवलमा गरिरहेका छौं, तर काम हुन सकेको छैन । केही दिनअघि >>> पृष्ठ २ मा

## अत्यन्त जरुरी सूचना

**बैंक तथा वित्तीय संस्था परिसंघको मिति २०८० बैंशाख १४ गते मा बसेको चौंथो बैठकले बैंक तथा वित्तीय संस्था, सोको सम्पत्ति, साख एवम् सोमा कार्यरत कर्मचारीहरुको विरुद्धमा विभिन्न व्यक्ति, संस्था तथा समुहहरुबाट विगत केही समयदेखि निरन्तर रुपमा भइरहेको गैरकानूनी गतिविधिहरुको सम्बन्धमा तपसिल बमोजिमको निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपसिल**

**अब उप्रान्त कुनै पनि व्यक्ति, समूह वा संघ संस्थाको आवरणमा बैंक वित्तीय संस्था, यसमा कार्यरत कर्मचारी, बैंक वित्तीय संस्थाको साख, गरिमा, विश्वसनियता वा सम्पत्तिमा हानि नोक्सानी पुऱ्याउने, बैकिङ्ग व्यवसायमा अवरोध सिर्जना गर्ने, बैंक तथा वित्तीय संस्थाका सम्बन्धमा भ्रम सिर्जना गर्ने, बैंक वित्तीय संस्थाहरूबाट लिएको कर्जाको साँवा ब्याज नतिर्न दुरुत्साहन गर्ने लगायत प्रचलित कानूनबाट बर्जित क्रियाकलापहरु गर्ने जोसुकै व्यक्ति तथा संघसंस्थाहरुका विरुद्ध अनिवार्य रुपमा मुद्धा चलाउने तथा प्रचलित कानूनको अधिनमा रही हदैसम्मको कारवाहीका लागि सम्बन्धित निकायमा जाहेरी दिने, उजुरी गर्ने लगायत बैंक तथा वित्तीय संस्थाको निक्षेपकर्ता, ऋणी तथा समग्र सरोकारवालाहरुको हकहित संरक्षणको लागि प्रचलित कानूनले दिएको जुनसुकै अधिकार प्रयोग गर्न र जस्तोसुकै कठोर कदम चाल्न पनि बैंक तथा वित्तीय संस्था परिसंघ र यसमा आवद्ध सबै बैंक वित्तीय संस्थाहरु पूर्ण रुपमा एकताबद्ध, प्रतिबद्ध र दृढ संकल्पित रहेको विषय सबै सरोकारवालाहरुको जानकारीको लागि सादर निवेदन गर्दछौं ।**

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल
Confederation of Banks and Financial Institutions Nepal
(CBFIN)

वैदेशिक रोजगार विशेष

## सबै प्रकारका सिण्डिकेटविरूद्ध उत्रिन संघमाथि दबाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ वैशाख

वैदेशिक रोजगार व्यवसायीका विभिन्न संस्थाले नेपाल वैदेशिक रोजगार व्यवसायी संघ नेतृत्वलाई सबै प्रकारका सिण्डिकेटविरूद्ध प्रतिवादमा उत्रिन सुझाव दिएका छन् । कतार र मलेसिया जाने सेक्युरिटी गार्ड तथा साउदी अरेबियाका लागि सिण्डिकेट खडा गर्न प्रयास भइरहेको भन्दै केही हप्तायता अनौपचारिक छलफल तीव्र बनेको छ ।



संघले शुक्रबार संघलाई छाता संस्था मान्दै आएका विभिन्न घटक संस्थासँग सिण्डिकेटका सम्भावित स्वरूप र सम्भावनाबारे छलफल आयोजना गरेको थियो । छलफलमा सहभागीहरूले विगतमा मलेसिया रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने मेडिकल र फ्रि भिसा फ्रि टिकट निर्णय लागू हुँदा परीक्षणकालका लागि भन्दै प्रवेश गराएको र पछि ती संरचनाहरूले स्थायी स्वरूप लिएर समस्या सिर्जना गरेको भन्दै संघ नेतृत्व सधैंभरि सचेत हुनुपर्ने सुझाव दिएका छन् ।

छलफलमा सहभागी वैदेशिक रोजगार व्यवसायी नेवाः समाजका अध्यक्ष किशन प्रधानले कतार, मलेसिया तथा साउदी अरेबियाका सम्भावित सिण्डिकेटसहित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, वैदेशिक रोजगार विभागका महानिर्देशकबाट सार्वजनिक भएका अभिव्यक्तिको गम्भीर ढंगले समीक्षा गर्नुपर्ने सुझाव दिएको बताए । >>> पृष्ठ २ मा

तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता परेकोले योग्य व्यक्तिहरुले आफ्नो बायोडाटा (CV) सहित यथासिघ्र सम्पर्क गर्नुहोला ।

Documentation Officer -2 (Male/Female)
PRO -3 (Male/Female)
Receptionist -2 (Female)

SALARY Negotiable

योग्यता: PRO को लागि सम्बन्धित काममा अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ । Documentation को लागि Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित काममा २ देखि ३ बर्ष अनुभवीलाई विशेष प्राथमिकता दिनइनेछ । Receptionist को लागि +2 Pass का साथै अंग्रेजी भाषा राम्रो सँग बोल्न र लेख्न सक्नुपर्नेछ ।

9841449563

(डि.के. रिभर ओभरसिज प्रा.लि.)
DK River Overseas (P.) Ltd.
(Govt.Lic. No. 1102/073/074)
Tokha-9, Gongabu, Kathmandu, Nepal
Tel: 4980932 | 4982214 | 4955132
Mob: 9851219532 | 9841449563, Email: dkriverhr@gmail.com

# स्वदेश फर्किएर भैंसीपालन

रेशम अधिकारी/मध्यान्ह
परासी, १६ वैशाख

सुनवल नगरपालिका ४ सितलाहा निवासी मोहन कार्कीले भैंसीपालनबाटै वार्षिक १५ लाख रुपैयाँ आम्दानी गर्दै आएका छन्। युवाहरु रोजगारीका लागि विदेशीरहेका बेला कार्कीले भने स्वदेशमै भैंसीपालनबाट मनग्य आम्दानी गरेका हुन्। उनको भैंसी फर्ममा अहिले ४२ वटा माउ भैंसी र ४० वटा पाडापाडी छन्। उनको दिनचर्या आजभोलि त्यहि भैंसी, पाडापाडी स्याहार्दैमा जाने गरेको छ।

मध्यान्हसँग कुरा गर्दै उनले भने, 'भैंसीपालन अहिले राम्रो भएको छ। दैनिक २ सय लिटर दुध बिक्री गर्दै आएको छु। सबै खर्च कटाएर, घरपारिवारसँग रमाएर वार्षिक १५ लाख बचत गर्दै आएको छु। यसैमा सन्तुष्ट छु।' भैंसीपालनबाटै राम्रो आम्दानी गरिरहेका कार्कीले आफ्नो फार्ममा अहिले ९ जना स्थानीयलाई रोजगारी समेत दिँदै आएका छन्।



**वैदेशिक यात्रापछि स्वदेशमै भैंसीपालनमा**

१५ वर्षको वैदेशिक रोजगारी यात्रा टुंग्याएर उनी अहिले स्वदेशमै भैंसीपालनमा रमाउन थालेका हुन्। कार्कीले विगत तीन वर्षदेखि सुनवलमा भैंसीपालन गर्दै आएका छन्। २०७७ सालमा फार्म दर्ता गरी व्यावसायिक रुपमा भैंसीपालन गर्न थालेका हुन्।

कार्कीले व्यावसायिक भैंसीपालन गरेर ३ वर्षमै एक सफल कृषकका रुपमा आफूलाई चिनाउन सफल भएका छन्। कार्की भन्छन्, 'नेतृत्वले नारामा मात्र सीमित नराखी कृषि व्यवसायमा लाग्नेलाई व्यावहारिक रुपमा सहयोग गर्नुपर्छ। कृषि क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याउन सकेमात्र कृषिमा आत्मनिर्भर हुनेको संख्या बढ्छ र विदेश पलायनको क्रम पनि रोकिनेछ।'

उत्पादित कृषि सामग्रीलाई उचित बजारको व्यवस्था गर्न सके किसानलाई थप हौसला प्राप्त हुने र कृषिमा नेपाललाई आत्मनिर्भर बनाउन सकिने कार्की बताउँछन्।

# जुम्लामा हात्तीपाइले रोग परीक्षण

सरिता पराजुली/मध्यान्ह
जुम्ला, १६ वैशाख

जलवायु परिवर्तनसँगै हिमालको तापक्रम बढ्दै गएका कारण हिमाली जिल्लाहरुमा औलो र कालाजारका बिरामी भेटिन थालेका छन्। पहिले तराई र पहाडका जिल्लाहरुमा देखिने हात्तीपाइले, औलो र कालाजार रोग जलवायु परिवर्तनका कारण हिमाली जिल्लाहरुमा देखिन थालेको हो।

यसै क्रममा जुम्लाका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीमा हात्तीपाइले रोग परीक्षण गर्न थालिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र हेटौंडा, मकवानपुरले राष्ट्रिय हात्तीपाइले रोग निवारण



कार्यक्रमअन्तर्गत विद्यार्थीहरुमा हात्तीपाइले रोग परीक्षण गरिएको हो। कनका सुन्दरी गाउँपालिकास्थित कालिका आधार विद्यालय हाँटसिंजा र पाण्डव गुफा माध्यमिक विद्यालयका ३२ जना विद्यार्थीको एन्टिजेन परीक्षण गर्दा सबै जनाको नेगेटिभ नतिजा आएको छ।

मालिका आधारभूत गतिखोला र माध्यामिक विद्यालय बुढुचौताराका विद्यार्थीमा पनि परीक्षण गर्ने तयारी गरिएको कानका सुन्दरी गाउँपालिका स्वास्थ्य शाखा संयोजक जंगलाल बुढाले बताए।

यहाँका ३२ सामुदायिक विद्यालयका ४८० जना बालबालिकामा हात्तीपाइले रोग परीक्षण गर्न लागिएको जनस्वास्थ्य कार्यालय जुम्लाका प्रमुख कृष्णप्रसाद सापकोटाले बताएका छन्। उनका अनुसार जुम्लाभित्रै रहेका नागरिकबाट एक अर्कामा लामखुट्टेले रोग सार्छ वा सार्दैन भनेर जानकारी लिनका लागि नमुना परीक्षण गरिएको हो।

# 'अपि वेश क्याम्प' भ्रमण सप्ताह शुरु



दिपक बाबु साउद/मध्यान्ह
दार्चुला, १६ वैशाख

दार्चुलाको अपिहिमाल गाउँपालिकाको 'अपि वेश क्याम्प' भ्रमण सप्ताह शुरु भएको छ। अपिहिमाल गाउँपालिकालाई सुदूरपश्चिम उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकसित गर्ने उद्देश्यसहित भ्रमण सप्ताहको आयोजना गरिएको हो।

१४ गतेदेखि शुरु भएको अपि वेश क्याम्प भ्रमण सप्ताह २२ गतेसम्म हुनेछ। भ्रमणमा दार्चुलाका प्रमुख जिल्ला अधिकारी किरण जोशी, जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रमुख प्रहरी नायव उपरीक्षक तर्कराज पाण्डे, सशस्त्र प्रहरीका एसपी डम्बर बहादुर विष्ट, सञ्चारकर्मीलगायत ४० जनाको टोली रहेको छ।

# सेनाको निःशुल्क स्वास्थ्य शिविरमा ७ सय १४ जनाको उपचार



प्रेमचन्द्र झा/मध्यान्ह
रौतहट, १६ वैशाख

नेपाली सेनाको वीर दल गण रौतहटले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा ७ सय १४ जनाले उपचार पाएका छन्।

चन्द्रपुर नगरपालिका वडा नम्बर ८ स्थित शिवशक्ती आधार भूत विद्यालय मोतिपुरमा भएको स्वास्थ्य शिविरमा जिल्लाका उत्तरी भेगका विभिन्न रोगका बिरामीको निःशुल्क उपचार तथा आवश्यक औषधि वितरण गरिएको हो।

शिविरमा ५६ जना बालबालिका, ५९ जना महिला, २ सय ९६ आँखा रोगी, र २ सय ३ जना जनरल ओपिडी बिरामी गरी ७ सय १४ जनालाई उपचार गरिएको वीर दल गणका गणपति प्रमुख सेनानी गंगा बहादुर बिष्टले बताए।

शिविरको उद्घाटनको अवसरमा नेपाली सेनाको २८ नम्बर बाहिनीपति सानू काजी थापा, चन्द्रपुर नगरपालिकाका प्रमुख संजय कुमार काप्ले, प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र, प्रहरी उपरीक्षक वीर बहादुर बुढामगर, सशस्त्र प्रहरी उपरीक्षक माधव घिमिरे, राष्ट्रिय अनुसन्धानका प्रहरी उपरीक्षक चन्दन झासहितका कार्यालय प्रमुख तथा स्थानीय जनप्रतिनिधिको उपस्थिति रहेको थियो। बिहान ७ बजे देखि शिविर शुरु भइ साँझ ५ बजेसम्म सञ्चालन भएको थियो। शिविरमा चन्द्रपुर नगरपालिका, प्रादेशिक अस्पताल गौर, रेडक्रस सोसाइटी, औषधि व्यवसायी संघ, प्रभु बैंक, ग्रामीण विकास केन्द्र लगायत सहयोगी रहेका थिए।

## रास्वपा...

रास्वपा सभापति रवि लामिछानेका अनुसार उनको पार्टी सरकारलाइ दिएको समर्थनका सन्दर्भमा गम्भीर छलफलमा छ। शुक्रबार सांसद पदको शपथ लिएपछि उनले यही भाषा प्रयोग गरेका थिए। उनले भनेका छन्, 'सरकारलाई दिएको समर्थनको सम्बन्धमा गम्भिर समीक्षा गरेर मात्रै अगाडी बढिनेछ।'

भ्रष्टाचारको अन्त्यका लागि मतदाताहरुले आफूहरुलाई मत दिएको उल्लेख गर्दै लामिछानेले भनेका छन् 'भ्रष्टाचारको अन्त्य गर्ने विषय सरकारले न्यूनतम साझा कार्यक्रमबाट हटाएकोमा हाम्रो आपत्ति छ।'

## नागरिकता...

नागरिकता विधेयकको खोजी भयो। तर सरकारले विधेयक दर्ता नै गर्न सकेन।

नेपालको संविधान २०७२ जारी भएपछिको दोस्रो कार्यकालमा संसद र राज्य व्यवस्था प्रवेश गर्दा पनि यसबीचमा बनेका कुनै पनि सरकार र संसद नागरिकता ऐन संशोधन गर्न असफल हुँदै आएका छन्। राजनीतिक दल र ती दलका नेतृत्वको राजनीति स्वार्थले गर्दा संविधान कार्यान्वयनमा गम्भीर असर पर्दै गएको छ। संविधानको महत्वपूर्ण भाग २ मा नागरिकतासम्बन्धी प्रदत्त अधिकार कार्यान्वयनमा कुनै पनि राजनीतिक दलले तत्परता र इमानदारिता देखाउन सकेका छैन।

अधिवक्ता सविन श्रेष्ठ संसदले संविधानमा नागरिकता सम्बन्धी दिएको अधिकारलाई अझैसम्म कानून बनाएर कार्यान्वयन गर्न नसक्नु दुखद भएको बताउँछन्। उनी भन्छन्, 'नागरिकता विधेयक ल्याउँछु भन्ने तर नल्याउने प्रवृत्ति नै मुख्य समस्या भयो। समाधानका लागि नागरिक र सडकको दबाब नै आवश्यक भए जस्तो महसुस हुन्छ।'

नागरिकता समस्या नेपालको इतिहासमा पेचिलो रहेको पाइन्छ। जन्मसिद्ध नागरिक र बाबुको पहिचान नभएको नेपाली नागरिक आमाबाट जन्मेका सन्तानले अझै नागरिकता पाउने बाटो खुलेको छैन।पाँच दलीय गठबन्धनको सहयोगमा नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवा नेतृत्वको सरकारले दुई दुई पटक संसदबाट बहुमतले पास गरि पठाएको विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण हुन सकेन। सो विधेयक राजनीतिक दलको कुण्ठाले निष्क्रिय भयो।

।नेपालको पुर्व,पश्चिम् र दक्षिणमा खुला सिमाना रहेका कारण यो विषय पेचिलो हुने गरेको देखिन्छ। पुर्व र पश्चिममा पर्वतीय र हिमालयन समुदायका मानिसहरुको बसोबास छ्न। त्यस्तै,दक्षिणमा तराईवासीहरुको बसोबास छन। नेपालसँग छिमेकी राष्ट्र भारतको सिमाना यी तमाम दिशातर्फ जोडिएको छ। जुन खुला सिमानाको रुपमा सदियौंदेखि स्थापित छन्। दुवै देशका नागरिकहरुको रहनसहन, भेषभुषा, भाषा संस्कृति र समाजिक संरचनामा एकरुपता पाइएकोले नागरिकतामा घुसपैठ रहेकोले पेचिलो हुने गरेको हो।

बि.सं. १९१० भन्दा पहिला नेपाली नागरिक र गैर नेपाली नागरिक छुट्टाउने प्रष्ट आधार भेटिँदैन नेपालमा। बि.सं. १९१० मै पृथ्वीनारायण शाहको दिव्योपदेशमा नागरिक सम्बन्धमा विभेद शुरु भएको पाइन्छ। हुन त नेपालमा नागरिकता सम्बन्धी नितिगत थालनी बि.सं. २००९ साल वैशाख २६ गतेबाट भएको देखिन्छ। सोही दिन नेपाल नागरिकता ऐन २००९ जारी भई लागू भएको थियो।

त्यसपछि नेपालमा नागरिकतासम्बन्धी कानूनको ऐतिहासिक विकासक्रम हुँदै गएको देखिन्छ। बि.सं.२०१९ मा प्रथम पटक नागरिकतासम्बन्धी विषयलाई संविधानमा समावेश गरिएको पाइन्छ। त्यसकै प्रतिफलका रुपमा बि.सं. २०२० साल चैत १६ गते नेपाल नागरिकता ऐन २०२० जारी भई लागू भएको थियो। त्यस्तै बि.सं.२०२५ सलमा नेपाल नागरिकता नियमावली २०२५ लागू भई नागरिकताको ढाँचा अनुसूचीमै निर्धारण गरिएको थियो।

यसक्रममा राजनीतिक आन्दोलनहरु भए। परिवर्तनका लागि संघर्ष भए। हजारौंले बलिदानी दिए। प्रजातन्त्र र प्रगतिशील व्यवस्थाका लागि हजारौं घाइते र जेलनेल भए। फलस्वरूप देशमा परिवर्तन सम्भव भयो र बि.सं. २०४६ सालमा जनआन्दोलन भए। २०४६ सालको परिवर्तनपछि बनेको नयाँ संविधानको भाग-२ मै नागरिकता सम्बन्धी व्यवस्था समावेश भयो।

२०४६ को संविधानमा रहेको नागरिकता सम्बन्धी व्यवस्थालाई २०४८ मा ऐन जारी भै लागू गऱ्यो। नेपाल नागरिकता ऐन २०४८ लागू भई एक वर्षपछि नागरिकता नियमावली २०४९ जारी भयो।

नेपालको राजनीतिक घटनाक्रम विकसित हुँदै गयो। राजसंस्थाको विकल्प खोज्दै जनता संघर्ष गर्न पुगे। प्रजातन्त्रमाथि राजसंस्थाको पटकपटकको आक्रमणबाट आजित जनता र राजनीतिक दलले गणतन्त्रसहितको लोकतन्त्रका लागि सशक्तरुपमा संघर्षको मोर्चा कसे। यसैबीच दश वर्षे सशस्त्र द्वन्द्व हुन पुग्यो। राजसंस्थाको विरुद्धमा हजारौंले बलिदानी दिए। हजारौं बेपत्ता, घाइते र जेलनेल भए। देशमा फेरि परिवर्तनका लागी लाखौं जनता सडकमा आए। दोस्रो जनआन्दोलन २०६२/०६३ मार्फत राजसंस्थाको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो।

नेपालको अन्तरिम संविधान २०६३ मा नागरिकतासम्बन्धी व्यवस्था समावेश गऱ्यो।यस संविधानमा २०४६ साल चैत मसान्तलाई आधार मानि जन्मको आधारमा नागरिकता दिने व्यवस्था राखियो। बि.सं. २०६३ साल मंसिर १० गते नागरिकता ऐन २०६३ जारी भई लागू गऱ्यो। सोही वर्ष नागरिकता नियमावली लागू गरी लाखौंलाई नागरिकता वितरण गऱ्यो।

देशमा संविधानसभाबाट संविधान जारी भएको ८ वर्ष पुग्न लागेको छ। २०६३ मा जन्मको आधारमा नागरिकता दिएको नेपाली नागरिकका सन्तानलाई २०७२ को संविधानले वंशजका आधारमा नागरिकता दिने व्यवस्था गरेको छ। त्यसैगरी नेपाल नागरिक आमाबाट जन्मेका सन्तानको बाबु पहिचान नभएकोलाई समेत नागरिकता दिने व्यवस्था गऱ्यो। त्यहीँ व्यवस्था कार्यान्वयन गर्नलाई अडकेको नागरिकता विधेयकमा राजनीतिक दलले स्वार्थ खोजिरहेको देखिन्छ।

यो विधेयकलाई कानूनको रुप दिन अझै राजनीतिक दलले तत्परता देखाउन सकेको छैन। उक्त विधेयकसँग जोडिएको लाखौं नेपाली नागरिक सन्तानको भविष्य दाउमा लागेको छ। उनीहरुको भविष्य नै अन्धकार भएको छ। नागरिकता नहुँदा नेपालमै जन्मे/हुर्केका नागरिकहरु दिनहुँ पीडा भोग्दै छन्।

## सरकारले...

मात्रै सरकारबाट पूर्णरुपमा सहयोग नपुगेको भनेर फोहोर नै नउठेको पनि हेरिहाल्नु भएको छ।

अलिकति सरकारबाटै असहयोग हुने परिस्थितिले गाह्रो भएपनि अब, केन्द्रीय सरकार र स्थानीय सरकार मिलेर अघि बढ्ने तयारीमा हामी लागेका छौं। सुकुम्बासी, भूमिहीनका नाममा विभिन्न मान्छेहरु बस्ने, सामाजिक कामको नाममा विभिन्न संस्थाहरु राख्ने र कतिपयलाई जेष्ठ नागरिक, किरियापुत्री भवन भन्दै भोगचलन गर्दै आएको पाइएको छ।

त्यसरी मठमन्दिर, खोलाकिनाराका जग्गा अधिकरण गरेर बनाइएका घर, टहराहरु भत्काउने अभियान जारी छ। हामीले यसरी बनाइएका घर, टहराहरु खोजीखोजी भत्काउँदै जाने योजना बनाएका छौं। अहिलेसम्म हामीले गोकर्णदेखि गुहेश्वरीसम्म लगभग क्लियर गरिसकेका छौं। तर बाँकी कामका लागि तीन तहका सरकारको समन्वय जरुरी देखिन्छ।

**सुकुम्बासी बस्ती हटाउन कस्ता चुनौती देखिएका छन् ?**

पहिलो कुरा त, व्यक्तिले अधिकरण गरेका जग्गामा बनेका घर, टहरा भत्काउँदा सांघातिक हमलासमेत हुने गर्दछन्। त्यसको लागि कडा कानुनसहित सुरक्षाको व्यवस्था हुनुपर्छ। केही समयअघि गोकर्ण एरियामा अनधिकृत घर, टहरा भत्काउने क्रममा हामीमाथि विभिन्न हमलाहरु भए। त्यसरी बस्नेले घर, टहरा भत्काउने क्रममा ढुंगामुढादेखि कुट्नपिट्समेत पछिपरेनन्।

त्यसबेला अनेक गरेर कन्भिन्स गराइयो, प्रहरी, प्रशासन लगाएर सम्झाइयो। यो ठाउँ छोड्नुहोस् तपाईंहरुलाई अर्को ठाउँमा व्यवस्था गर्छौं भनेर छलफल, वार्ता गरियो। तर, पटकपटक सूचना निकाल्दा पनि उनीहरु हट्न तयार नै देखिएका छैनन्।

अर्को भनेको सुकुम्बासी बस्ती हटाउन भूमि आयोगले स्थानीय निकायलाई जिम्मा लगायो तर, उसले आफ्नो जिम्मेवार पूरा गरेन। अर्को भने हामी हटाउँ भन्छौं अर्कोतर्फबाट नहटा भनेर सूचना निकाल्छन्। यसले पनि हामीलाई बस्ती स्थानान्तरणमा निकै समस्या भइरहेको छ।

त्यतिमात्रै होइन, सुकुम्बासी को हो को होईन भन्नेमा हालसम्म पनि पहिचान हुन सकेको छैन। सुकुम्बासीको नाममा ४, ५ तले घर बनाएर भाडामा लगाएको अवस्था पनि छ। तसर्थ, को सुकुम्बासी हो को होईन भनेर पहिचान गर्नमै धौं धौं परेको अवस्था छ।

यसलाई छुट्याएर निकाल्ने निकाय को हो को होईन भन्नेमै निश्चितता छैन। सम्पूर्ण रुपमा सहयोग पाएमा हामी काम गर्नसक्दछौं। बागमती सफा गर्ने क्रममा छौं बागमतीको करिडोर सफा बनाउनमा हामी दत्तचित्त छौं।

**सुकुम्बासी बस्ती हटाउन र बागमती सभ्यता जोगाउन आगामी दिनमा यहाँहरुका यो जना कस्ता छन् ?**

पहिलो कुरा त म आएपछि कुनै व्यक्ति वा संस्थालाई नदी किनारको जग्गा भौतिक संरचना निर्माण गर्ने गरी दिएको छैन। बरु, यसअघि बनेका संरचना भत्काउन पटकपटक सार्वजनिक सूचना प्रकाशित गर्ने र अटेर गरेमा उक्त संरचना भत्काउने काम समेत भएको छ। तर, मन्त्रालयले पूर्ण रुपमा साथ नदिदाँ कतिपय समस्या भने देखिदैं आएका छन्।

त्यस्तै, हामीले बागमती करिडोरलाई सफा राख्न २० वर्षे गुरुयोजना पनि तयार पारेका छौं। जसमा सबै नालामा ढल बनाउने, बाटो बनाउने, मर्मतसम्भार गर्ने र बागमती करिडोरलाई पूर्ण सफा बनाउने प्रयत्न गर्ने रहेको छ।

हामी बस्ती हटाएर बागमतीको ब्युटिफिकेसन गर्ने अभियानमा लागिपरेका छौं। त्यसको लागि हामीलाई एडीबीले पनि सहयोग गरेको छ। त्यसरी बनाइएका घर, टहराहरु गरेर केही अगाडि गुहेश्वरदेखि सुन्दरीजलसम्ममा २५, ३० ओटा भत्काएका पनि थियौं। अबपनि हामी वाग्तमतीको सम्भ्यता बचाईराख्न ढल व्यवस्थापन, सुकुम्बासी हटाउने योजना र स्वच्छ बागमती बनाउने अभियानमै जुटिरहने नै छौं।

## सबै...

केही समयअघि संघको शुभकामना ग्रहणपछि नवनियुक्त श्रम मन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारीमा हुने ठगी र गैरकानूनी कामको अनगिन्ती गुनासा आइरहेको भन्दै म्यानपावर कम्पनीको क्षमता र गुणस्तर विश्लेषण गरेर उनीहरूलाई वर्गीकरण गर्नु आवश्यक रहेको बताएका थिए भने वैदेशिक रोजगार बोर्डले आयोजना गरेको व्यवसायीहरूको क्षमता अभिवृद्धि कार्यक्रममा विभागका महानिर्देशक उमाकान्त आचार्यले व्यवसायीको संख्या धेरै भएका कारण अनुगमनमा समस्या रहेको बताएका थिए।

अध्यक्ष प्रधानले सरकारी पक्षबाट आएका विषय संघले गम्भीरतापूर्वक लिएर आफ्ना योजना बनाउन सुझाव दिइएको जानकारी दिए।

संघका महासचिव मेघनाथ भुर्तेलले घटक संस्थाका प्रतिनिधिहरूबाट तत्कालीन तथा दीर्घकालीन महत्वका सुझाव आएको भन्दै म्यानपावर कम्पनीको वर्गीकरणलगायत कुनै पनि नाम वा आवरणमा खडा हुने सिण्डिकेटसँग सम्झौताहिन संघर्ष गर्ने प्रतिबद्धता व्यक्त गरिएको बताए। जुनसुकै नाममा आउने सिण्डिकेटका विरोधमा उभिने संघको घोषित नीति रहेको भन्दै उनले हाल चर्चामा रहेका सिण्डिकेट निस्तेज पारिने बताए।

छलफलमा व्यवसायीले संख्या सयको समस्या छिटोभन्दा छिटो समाधान गर्न, समस्या समाधानका लागि मलेसिया गएका मार्भलस इम्प्लोइमेन्ट नेपाल प्रा.लि. कम्पनीका तत्कालीन म्यानेजिङ डाइरेक्टर रिन्जि राईको मृत्युको वास्तविक कारण पत्ता लगाउन तथा डिमाण्ड खरिदमा भएको अनुचित लगानीले अल्पकालीन र दीर्घकालीनरूपमा पार्नसक्ने नकारात्मक असरलगायतका समस्याबारे व्यवसायीहरूले संघको ध्यानाकर्षण गराएका थिए।

**Invitation for Bids**

## Aadarsh Rural Municipality
## Office of Rural Municipal Executive

**Mauwa-Nagardah, Doti**

**First Date of Publication: - 30 April, 2023 (2080/01/17)**

1. Aadarsha Rural Municipality, Mauwa-Nagardah, Doti invites electronic bids from Nepalese eligible bidders for the construction of following projects given in the table below under National Competitive Bidding procedures.

| Contract ID No | Project Name | Minimum Work Experience of Similar Size & Nature: Single Entity or All Partners Combined in case of JV | Bid Document Fee, NRs | Average Annual Construction Turnover (AACT), NRs |
|---|---|---|---|---|
| ARM/NCB/WORKS/HP/079-080/01 | Construction of Hospital Building (15 Bed) | Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) RCC Framed Building Contract with in the last ten (10) years, with a value of at least NRs 16,57,54,000.00 without VAT that have been successfully or are substantially completed and that are similar to the proposed works. | 20,000.00 | 13,81,28,000.00 |

2. Eligible Bidders may obtain further information at the Aadarsh Rural Municipality, Mauwa-Nagardah, Doti www.aadarshamun.gov.np, and inspect the Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## दृष्टिविहीन संरक्षण केन्द्रलाई खाद्यान्न



**प्रदिप ज्ञवाली/मध्यान्ह**
रुपन्देही, १६ वैशाख

वाङ्गला रुपन्देही सम्पर्क समाजको आयोजनामा बुटवल १३, जवइ टोलस्थित रुपन्देही दृष्टिविहीन संरक्षण केन्द्रमा रहेका १५ जना दृष्टिविहीनलाई शनिबार एक कार्यक्रमकाबीच खाद्यान्न वितरण गरिएको छ ।

गत शनिबार सम्पन्न भएको अधिवेशनबाट समाजको नवनिर्वाचित कार्यसमितिले सामाजिक उत्तरदायित्व वहनस्वरुप उक्त कार्यक्रम आयोजना गरी आफ्नो कार्यकाल विधिवतरूपमा शुरुवात गरेको समाजले बताएको छ ।

कार्यक्रममा समाजका अध्यक्ष प्रकाशमणि खनालले समाजले विगतमा पनि यस्ता कार्यक्रमहरु आयोजना गरेको भन्दै अन्य गतिविधिहरुलाई प्रभावकारी ढंगले अघि बढाउन स्पष्ट वार्षिक योजना बनाइने जानकारी दिए ।

संस्थाका उपाध्यक्ष बाबुराम भुसालले संस्थापक अध्यक्ष कृष्णप्रसाद भुसालले शनिबार नै परेको आफ्नो जन्मदिनको अवसरमा दृष्टिविहीनहरुलाई वितरित सम्पूर्ण खाद्यान्नको एकल सौजन्य गरेको जानकारी दिए ।

समाजले संरक्षण केन्द्रलाई दाल, चामल, आलु, प्याज, तेल, नुन, फलफूल गरी दश हजार रुपैयाँ बराबरको खाद्यान्न वितरण गरेको अध्यक्ष खनालले जानकारी दिए ।

कार्यक्रमको प्रमुख आतिथि ९० वर्षीय जेष्ठ नागरिक बेदनिधी भुसाल रहेका थिए । उपाध्यक्ष मैया बस्नेत कार्की, कोषाध्यक्ष गोविन्द भुसाल र सह सचीव अमृता भुसाल खनालले कार्यक्रम संयोजन गरेका थिए भने कार्यक्रमको सञ्चालन सचिव मोहन बस्यालले गरेका थिए ।

# डोल्पामा यार्सा संकलन गर्न जेठ १ देखि सम्पूर्ण पाटन खुला गरिने



**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, १६ वैशाख

हिमाली जिल्ला डोल्पामा यार्सागुम्बा संकलनका लागि आगामी जेठ १ गतेदेखि सम्पूर्ण यार्सा पाटनहरु खुला गरिने भएको छ ।

शनिबार सदरमुकाम दुनैमा जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकायको अध्यक्षतामा जिल्लाका विभिन्न निकायका प्रमुख प्रतिनिधहरुको यार्सागुम्बा संकलन तथा संरक्षणसम्बन्धी सरोकारवालाहरुसँग समन्वयात्मक बैठकले शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जभित्र र विभिन्न सामुदायिक वनहरुमा रहेका यार्सा पाटन जेठ १ गतेदेखि असार १ गतेसम्म खुला गर्ने निर्णय गरेको हो ।

बैठकमा डोल्पा जिल्ला समन्वय समितिका प्रमुख रोकाय, प्रमुख जिल्ला अधिकारी भुमिश्वर पोखेल, विभिन्न राजनितिक दलका प्रतिनिधिहरु, जिल्लामा अवस्थित सुरक्षा निकायका प्रमुख, शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जका पदाधिकारी, डिभिजन वन कार्यालयका प्रमुख तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

बहुमूल्य जडिबुटीको रुपमा लिइने यार्सागुम्बा डोल्पा जिल्लाका स्थानीयलगायत छिमेकी जिल्लाका स्थानीयहरुको आम्दानीको स्रोत मानिन्छ । प्रायःजसो स्थानीयहरु यार्सागुम्बा संकलनबाट प्राप्त आम्दानीले बालबच्चा पढाउने, घर खर्च चलाउने गर्छन् ।

कोभिड-१९ संक्रमणका कारण लामो समयसम्म सर्वसाधारणले यार्सागुम्बा खुलारुपमा संकलन गर्न नपाएको भन्दै यसपटक विभिन्न तयारीका साथ एक महिनाका लागि यार्सा पाटन खुला गरिने भएको हो ।

यार्सा संकलनका लागि मध्यवर्ती क्षेत्रका वासिन्दा, जिल्लाभित्रका वासिन्दा र जिल्ला बाहिरका बासिन्दालाई राष्ट्रिय निकुञ्ज ऐन र नियामावलीअनुसार फरक-फरक प्रवेश शुल्क लाग्ने छ ।

यार्सा पाटनमा यार्सा संकलन गर्न जाँदा निकुञ्जको मध्यवर्ती क्षेत्रभित्रका वासिन्दाले पाँच सय रुपैयाँ, निकुञ्ज बाहिर जिल्लाभित्रका वासिन्दाले दुई हजार रुपैयाँ र जिल्ला बाहिरबाट यार्सा संकलन गर्न आउनेले तीन हजार रुपैयाँका दरले प्रवेश शुल्कवापत तिर्नुपर्नेछ ।

यार्सागुम्बा संकलनकर्ताहरुका लागि सुलिगार्ड, धो, साल्दाङ्ग, रिग्मो, सुम्दुवा, छेप्का, त्रिपुराकोट, खालीवन, पहाडा, तोईजम र मुगु जिल्लाको डोल्फु र किम्रीबाट पुर्जी वितरण हुने शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज सुलीगार्ड डोल्पाले जनाएको छ। यस्तै डिभिजन वनको क्षेत्रमा आवश्यकता अनुसार स्थान निर्धारण गरी पुर्जी वितरण गरिनेछ ।

डोल्पा जिल्लाका विभिन्न स्थानमा रहेका करिब दुई दर्जनभन्दा बढी यार्सागुम्बा पाटनहरुमा सर्वसाधारणहरुको भिड हुने भएकाले विभिन्न किसिमका आपराधिक गतिविधिहरु हुन सक्ने भएकाले त्यस्ता किसिमका क्रियाकलाप रोकथाम तथा नियन्त्रण गर्न श्री रामवाण गुल्मका गुल्मपतिको संयोजकत्वमा सुरक्षा परिचालन गरिने भएको छ ।

यार्सा संकलनको अवधिमा यार्सा संकलन बाहेक अन्य गैरकानूनी कार्य गरेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, हिमाली राष्ट्रिय निकुञ्ज नियामावली २०३६, मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ अनुसार कारबाही हुने निकुञ्जले जनाएको छ ।

यस्तै यार्सागुम्बा संकलनको अवधिमा सर्वसाधारणका लागि विभिन्न नाकाहरुमा स्वास्थ्य सेवा कार्यालय, विभिन्न स्थानीय तहहरुसँग समन्वय गरेर निःशुल्क स्वास्थ्य शिविर, पाटनमा हुने फोहोर मैला व्यवस्थापनका लागि यार्सागुम्बा संकलनकर्ताहरुलाई नाकाहरुमा अभिमुखीकरण गरिने जनाइएको छ ।

## शितलपुरमा ऐलानी जग्गा खाली गरिने



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ वैशाख

रौतहट फतुवा विजयपुर नगरपालिकाको वडा नं.२ भित्र रहेका सार्वजनिक, ऐलानी जग्गा खाली गरिने भएको छ। वडा नं २ का वडा अध्यक्ष अनिरूद्ध प्रसाद यादव उर्फ संजयको अध्यक्षतामा बसेको बैठकले वडाभित्रको ऐलानी जग्गा खाली गराउने निर्णय गरेको हो ।

ऐलानी जग्गा अतिक्रण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको जग्गा खाली गराउन सूचना जारी गरिएको छ । गत बुधबार जारी भएको सूचनामा १५ दिनभित्र वडाअन्तर्गत ऐलानी जग्गामा रहेको घर टहरा हटाउन भनिएको छ ।

स्थानीयहरुले अतिक्रमण गरेर भोगचलन गर्दै आएको वडा क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा पहिचान गरी वडा मातहतमा ल्याउन सो निर्णय भएको हो । अहिले वडासँग आफ्नो क्षेत्रमा रहेका सार्वजनिक जग्गा कति छ भन्ने कुनै तथ्यांक छैन ।

तथ्यांक नहुँदा काम गर्न कठिनाइ भएकाले वडाले आफ्नो सीमाभित्र रहेका सार्वजनिक सम्पत्ति संरक्षण गर्न जग्गा खोजी अभियान अगाडि बढाएको वडा अध्यक्ष यादवले बताए ।

वडामा रहेका सार्वजनिक जग्गा तथा सम्पत्तिको अभिलेखीकरण गरेर राख्न र आवश्यकता अनुसार प्रयोग गर्न वडाले खोजी अभियान अघि बढाएको पनि वडा अध्यक्ष यादवले जनाए । नेपाल सरकारको स्वामित्वमा रहेको एलानी जग्गाहरु दिनप्रतिदिन अतिक्रमण हुँदै गएकाले सो जग्गाहरुको संरक्षणसम्बन्धी छलफल गर्न वडा समितिको प्रतिनिधि, गाउँका भद्रभलादमी, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी, पत्रकारलगायतको उपस्थिति रहेको बैठकमा ऐलानी जग्गा खाली गर्ने गराउने, सम्बन्धित निकायमा बोधार्थ गर्ने, छठ घाट पोखरी तथा अन्य सार्वजनिक ठाउँमा रहेका पोखरी खाली गराउने र व्यवस्थापन गर्ने लगायतका विषयमा छलफल गरिएको थियो ।

## रेसुङ्गा नगरको पहलमा गुल्मीमै हाडजोर्नी सेवा



**सुमन महतारा/मध्यान्ह**
गुल्मी, १६ वैशाख

जन्मजात हातखुट्टा बाङ्गाटिङ्गा हुने समस्याबाट ग्रसित गुल्मेली नागरिकले रेसुङ्गा नगरपालिकाको पहलमा विशेषज्ञ डाक्टरबाट उपचार पाएका छन् ।

हातखुट्टा बाङ्गाटिङ्गाको समस्या हुँदा पाल्पा, बुटवल र काठमाडौं पुग्नुपर्ने बाध्यतामा रहेका गुल्मेलीले गुल्मी अस्पतालबाटै सहज उपचार पाएपछि निकै राहत भएको छ ।

गर्भ अवस्थामा रहेको समयमा विभिन्न समस्याबाट बच्चामा हातखुट्टा बाङ्गाटिङ्गा हुने समस्या देखिने गर्छ । जसको उपचारका लागि टाढा जानुपर्ने बाध्यता भएपछि रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीको पहलमा जिल्लामै हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डाक्टरको व्यवस्था भएपछि यस्ता बिरामीले राहातको महसुस गरेका छन् ।

बच्चाको खुट्टा बाङ्गो हुँदा उपचार गर्न बुटवल तथा काठमाडौं जान आर्थिक अवस्था कमजोर रहेको र गुल्मी अस्पतालमै सहज सेवा पाएपछि खुसी लागेको मालिका ७ घमिरकी जिवकला नेपालीले बताइन् ।

गुल्मी अस्पतालबाट हाल औसतमा दैनिक ६० देखि ७० जना बिरामीले हाडजोर्नीको उपचार गराउँदै आएका छन् । जसमा ५ देखि ७ जनाले जन्मजात हातखुट्टा बाङ्गाटिङ्गा समस्याको उपचार गराएका छन् । यहाँका लाभग्राहीमध्ये अधिकांश गुल्मेली र केही अर्घाखाँचीका बिरामी छन् । हातखुट्टा बाङ्गाटिङ्गाको सहज उपचार जिल्लामै सम्भव रहेको हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डाक्टर प्रदीप शिवाकोटीले बताए ।

हातखुट्टा बाङ्गाटिङ्गा र हाडजोर्नीका सबै समस्याको उपचार गुल्मी अस्पतालबाटै हुने गरेको छ। गुल्मी अस्पतालमा दरबन्दी भए पनि विशेषज्ञ डाक्टर बस्न नमान्ने समस्या रहेको थियो। जसका कारण बिरामीलाई सास्ती भएपछि रेसुङ्गा नगरपालिकाले सहजीकरण गरेको नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले बताए। सरकारले दिने तलब बराबर थप भत्ता दिएर विशेषज्ञ डाक्टर टिकाएपछि बिरामीलाई सहज भएको नगर प्रमुख पन्थीको भनाइ छ। मेयर पन्थीले आफू सधैं नागरिकको स्वास्थ्य प्रती संवेदनशील रहेको बताए । नागरिकले गुल्मी अस्पतालबाट पाउने सेवा लिन काठमाडौं, बुटवल जानुपर्ने बाध्यता हट्ने कुरामा आफू विश्वास्त रहेको उनले बताए ।

## 'योजनाको चिट खल्तीमा बोकेर प्रदेश धाउने चलन अन्त्य हुन्छ'

**अनिल शाही/मध्यान्ह**
धनगढी, १६ वैशाख

सुदूरपश्चिम प्रदेश सरकारका आर्थिक मामिलामन्त्री नरेश कुमार शाहीले योजनाका चिट खल्तीमा बोकेर प्रदेशमा धाउने चलनलाई अन्त्य गर्ने बताएका छन् ।

विगतका दिनहरुमा टाठाबाठा र पहुँचवालाले मात्र योजना लिएको जतातत‍ैबाट गुनासो आएपछि प्रदेश सरकारले वास्तविक गाउँमा आवश्यक पर्ने योजनालाई मात्र प्राथमिकतामा राख्ने उदेश्यले सबै जनप्रतिनिधि र राजनीतिक दललाई वडाबाटै योजना छनोट गरेर पठाउन निर्देशन दिइसकिएको बताए। योजना छनोट गर्न स्थानीय तह अन्तर्गतका जनप्रतिनिधि, सबै राजनीतिक दलका प्रमुख प्रतिनिधि, विषयगत कार्यालयका प्रमुखको सहभागितामा वडामै योजना छनोट गर्ने र गाउँपालिकामा पठाउने, गाउँपालिकाले गाउँपालिका स्तरीय सर्वदलीय बैठक बोलाई वडाबाट आएका योजनामाथि छलफल गर्ने, वडा र गाउँपालिकामा अत्यवश्यक योजनाहरु प्राथमिताका आधारमा प्रदेश निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठीबाट छनोट भएका योजनाहरु जिल्ला समन्वय समितिमा पठाउने र जिल्ला समन्वय समितिले जिल्लास्थित सम्पूर्ण पार्टीका प्रतिनिधि स्थानीय तहका प्रमुख र प्रदेश सभा सदस्य प्रतिनिधि सभा सदस्यको रोहवरमा छनोट गरी विषयगत कार्यालय हुँदै मन्त्रालयमा सिफारिस गरिने मन्त्री शाहीले बताए । यस्तै



उनले जिल्ला समन्वय समितिले रणनीतिक महत्वका योजना दुई वा सो भन्दा बढी स्थानीय तहलाई जोड्ने खालका संयुक्त योजनाहरुलाई प्राथमिकता दिने बताए । यसरी प्रक्रियाबाटै आएका योजनालाई मात्र बजेट विनियोजन गर्ने मन्त्री शाहीको भनाइ छ । विगतका दिनहरुमा प्रदेशबाट विनियोजन भएका योजनाहरुका बारेमा विभिन्न खालका टिका टिप्पणीसँगै जनगुनासो आएको भन्दै मन्त्री शाहीले अबका दिनमा त्यस्तो हुन नदिन प्रदेशमा केहि थिति बसाल्ने गरी काम गर्न लागेको बताए। संघीयतामाथि नै प्रश्न उठिरहेका बेला आफुहरुको कार्यकालमा संघीयताको सफल कार्यान्वयन गर्न सबै तहका सरकारलाई बलियो बनाउने गरी कामको सुरुवात भएको समेत मन्त्री शाहीले बताए ।

योजना छनोटका लागि प्रदेशबाट सम्पूर्ण सांसदलाई आफ्नो निर्वाचन क्षेत्र पठाइसकेको र जिल्ला स्थित समन्वय समिति र स्थानीय तहलाई समेत निर्देशन गरी सकेको उनले बताए । प्रक्रियामा नआएका योजना जोसुकैले दिएपनि सबै रिजेक्ट हुने समेत उनले बताए ।

## हुम्लाका ४४ वटै वडामा अनुगमनको तयारी

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १६ वैशाख

जिल्ला समन्वय समिति हुम्लाका उपप्रमुख दलु फडेराले हुम्लाका सात वटै स्थानीय सरकारले बजेट हिनामिना गरेको जनगुनासो आएको हुँदा अनुगमनको शुरुवात गर्न लागिएको बताएका छन् । हुम्लाका ४४ वटै वडामा अनुगमनको तयारी भइरहेको उनले बताए ।

स्थानीय सरकारबाट मनमानी ढंगले बजेट बाँटफाँड गरिँदा यो समस्या आएको उनको भनाइ थियो । त्यस्तै शिक्षा, स्वास्थ्य जस्ता अतिआवश्यक क्षेत्रमा बजेट नछुट्यायर अनावश्यक काममा बजेट छुट्याइए समयमै जिल्ला समन्वय समितिमा जनकारी गराउन उनले हुम्लावासीलाई आग्रह गरे ।



जिल्लामा भएका सरकारी कर्मचारी र स्थानीय सरकारमा भएका कर्मचारीलाई आफूभन्दा ठुला तहका कर्मचारीदेखि डर नमानी आफ्नो भूमिका निर्वाह गर्न, विकास र जनताको पक्षमा काम गर्न उपप्रमुख फडेराले अनुरोध गरे ।

अनुगमन गर्दा जिल्लाका सात वटै स्थानीय तहमा यस्ता घटना भएको देखिएमा कानूनी दायरामा ल्यायर कारबाही गर्न जिल्ला समन्वय समिति हुम्ला पछि नपर्ने उप प्रमुख फडेराको भनाइ थियो ।


### हकदावी सम्बन्धी ३५ दिने सुचना

कम्पनी ऐन २०६३ बमोजिम दर्ता कायम भएको **इन्ट्रानेट टेक्नोलोजिज प्रा.लि. (दर्ता.नं. २६६७४६)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०१/१६ गतेको साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ,** **इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं,** **फोन नं. ९८५१२१७००४**

### माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०७९-१२-१८ गते का.जि.का.म.न.पा.बाट का.जि.का.म.न.पा. जाने क्रममा मेरो निम्न विवरण भएको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नम्बर वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध छ ।

नाम : सुप्रभा जोशी
रजिष्ट्रेसन नं. : ७७२२१५०२४
सिम्बल नं. : २२२००७२७
ठेगाना : तामाकोशी-२, दोलखा

**सम्पर्क नं. ९८४५०४७१७४**

### ठाकुरबाबा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

**बर्दिया, लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतगर्ने आशयको सूचना**

**(प्रथम प्रकाशन मितिः २०८०/०१/१७ गते)**

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरुको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| TBM/W/NCB-23/079/80 | Supply and Installation of Humpipe and Electric Polen with wire in Different Location Within Thakurbaba Municipality | त्रिपुरा सुन्दरी निर्माण सेवा, गुलरिया-०५, बर्दिया | २९,५२,९३९.८२ |
| TBM/W/NCB-22/079/80 | Road Upgrading Works In Different Wards in Different Chainage | निश्चल कन्स्ट्रक्सन, बैजनाथ-०८, बाँके | ३५,२६,१४९.४५ |



मध्यान्ह
www.madhyanhadaily.com
१७ वैशाख २०८०, आइतबार
30 April 2023, Sunday

सम्पादकीय

## गर्नैपर्ने पूर्वतयारी

केही दिनदेखि पर्न थालेको वर्षाका कारण देशभर भइरहेको आगलागी लगभग समाधानको बाटोतर्फ गएको छ । सुख्खा मौसममा देशभर भइरहेको आगलागीले ठूलो क्षति पुगिरहेको थियो । आगलागी मानवीय सतर्कता नपुग्दा र प्राकृतिक कारणले समेत हुने गर्छ । जसको कारणले ठूलो संख्यामा प्राकृतिक सम्पत्ति जलेर नष्ट हुने, वन्यजन्तु मर्ने र मानवीय संकट समेत निम्तने गर्छ । आगलागीबाट जोगिन आवश्यक सतर्कता मानवीय प्रयास हुनुपर्ने हो । तर आवश्यक सतर्कता नपुग्दा देशभर ठूलो संख्यामा आगलागी भइरहेको थियो । आगलागीले वायु प्रदुर्षण हुने र तापक्रमण बढ्ने जस्ता समस्या देखिएको थियो । तर मानवीय प्रयत्नबाट सफल हुन नसकिरहेको आगलागी वर्षाका कारणले समाधान उन्मुख बनेको छ । यो प्राकृतिक सन्तुलनको सिद्धान्त समेत हो ।

तर अब वर्षाका कारणले अर्को समस्या आउनेवाला छ । शनिबार नै वर्षासँग परेको चट्याङ्मा परेर मानवीय क्षति भएका समाचार आएको छ । यो त थालनि हो । केही समय मौसमकै कारण चट्याङ पर्ने हुन्छ । आवश्यक ठाउँहरूमा मानवीय सतर्कता अपनाउँदा चट्याङबाट हुने क्षति रोक्न सकिन्छ । विद्युतीय उपकरण सञ्चालन भएका ठाउँहरूमा मानवीय सतर्कता आवश्यक पर्छ । सँगै वर्षा आफैमा समस्या पनि हो । निरन्तर पर्ने वर्षाबाट बाढी, पहिरो र डुवान जस्ता समस्या आउने गर्छ । पहाडी क्षेत्रमा बाढी र पहिरोको जोखिम हुन्छ भने समथर भू–भागमा डुबानको समस्या पर्ने गर्छ ।

प्राकृतिक प्रकोपबाट आइलाग्ने यस्ता समस्याबाट ठूलो मानवीय क्षति पुग्ने गरेको छ । अझ दीर्घकालीन अध्ययन र तयारी बिना भइरहेका विकासे गतिविधिले प्रकोप थप बढेको विश्लेषण गरिन्छ । सडक निर्माणका लागि पहाडे भत्काउने, भौतिक पूर्वाधार निर्माण गर्न नदी किनाराको बालुवा गिटी उत्खनन् जस्ता गतिविधिले प्रकोप थप बढ्ने गरेको छ । यस्ता समस्याबारे दीर्घकालीन अध्ययन अनिवार्य गरिन आवश्यक छ । तर तत्काललाई भने नजिकिएको प्राकृतिक समस्याबाट भौतिक एवम् मानवीय क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउनतिर लाग्नुपर्छ । मुलुकमा तीन तहको सरकार भएकाले एकअर्काबीच उचित समन्वय गरेरै यस्ता समस्या हल गरिन उचित हुन्छ । त्यसमा सामुदायिक सक्रियता र नेतृत्वको विवेकबीच आवश्यक समन्वय हुन आवश्यक छ ।

# पूर्वीय दर्शन र आत्मबोध

*हाम्रो पूर्वीय दर्शन कोही कसैले लहडमा तयार पारेको नभई स्वयं ईश्वर प्रदत्त हो र यो प्राचीन मात्रै नभएर अर्वाचीन नै छ । ब्रह्म शक्तिबाट जहिले विश्वको रचना भयो, धर्म दर्शन पनि सँगसँगै आरम्भ भयो । स्वयं स्रष्टा प्रदत्त विषयवस्तु हो यो । वेदले आत्मा अमर छ भनेको छ भने सूर्यलाई आत्माको प्रतीक र चन्द्रमालाई मनको प्रतीक भनेको छ ।*

अध्यात्म



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

मोहको क्षय हुनु भनेको मोक्ष हो । विषयप्रति राग घटेर, हटेर ईश्वरप्रति अनुराग बढ्नु मोक्षको संकेत हो । ईश्वर सर्जक हो, विज्ञानचाहिँ विसर्जक मात्र पनि हुन सक्छ । सर्जकप्रतिको धन्यवाद भनेको भक्तिको प्रक्रिया शुरु हुनु हो । मोक्ष धाम भनेको के होला ? जिज्ञासा हुन्छ सबैलाई ।

मोक्ष/स्वर्ग भनेको कुनै स्थान, समय र परिवेश विशेषचाहिँ होइन । स्वर्ग भन्नु भाव विशेष हो । धर्मको निवासलाई स्वर्ग भनिन्छ । मोक्ष धाम भनेको त्यही हो । मोक्ष धाम त्यो धाम हो जहाँ, ज्ञान, दैवी सम्पदा, सदाचार हुन्छ, भ्रष्टाचार हुन्न । हिजो आज जताततै बासना ज्यादा देखिन्छ, बासनाको त्यागमा स्वर्ग बसेको हुन्छ । त्याग भनेको विषयवस्तुको अभावमा त्याग हुनु होइन । सम्पत्ति र सुखको अभावमा सबैले त्याग गर्न सक्छन् तर, वरिपरि विषयको सुखानुभूतिमा त्याग हुनुको अर्थ त्याग हो । लक्ष्मी, सम्पत्ति, ज्ञान, शक्ति, पद, सत्ता सबैथरि साथमा हुँदा त्यागको अनुभव हुनुचाहिँ त्याग हो ।



मन, वचन, कर्मले जसले अरुको निन्दा गर्दैन, त्यो स्थल, क्षेत्र, त्यो वातावरण, त्यो गाउँ, शहर, समुदाय, टोल वास्तवमा मोक्ष धाम हो । शिवपुरी क्षेत्र, शिवक्षेत्र, पशुपति क्षेत्र, अयोध्या क्षेत्र, वृन्दावन क्षेत्र यी मोक्ष धाम हुन् किनभने यहाँ त्याग गर्ने महापुरुषहरु, सिद्धपुरुषहरु, योगी जनहरु सेवक हुन् । शिव त्यागी छन् । राम त्यागी छन् । कृष्ण त्यागी हुन् । वुद्ध त्यागी भएकाले लुम्बिनी क्षेत्र मोक्ष धाम हो । बुद्धले कसैको निन्दा गरेनन् ।

जहाँ नित्य उपासना गरिन्छ, दीक्षामन्त्र पढिन्छ, वेदका ऋचाहरु घन्कन्छन् । गाईको सेवा हुन्छ, तुलसी, गीता, सज्जन, भक्त, सत्पात्र, सच्चरित्र व्यक्ति जहाँ रहन्छ त्यो क्षेत्र दिव्य, मोक्ष, धाम क्षेत्र हुन्छ । देवी बन्दना जहाँ हुन्छ, त्यो क्षेत्र मोक्ष क्षेत्र हुन्छ । पावनी गंगा धारा बहेको स्थान, महात्माहरुको बासस्थान मोक्ष धाम हो । जहाँ मदिरा पान हुन्न, क्रय विक्रय हुन्न, मांस भक्षण हुन्न, जीव हत्या हुन्न, त्यो क्षेत्र मुक्ति क्षेत्र हो, मोक्ष धाम हो । सत्यपुरुषहरुसँग वार्ता जहाँ हुन्छ, संगीतका धुनहरु, भजन, गायन, नृत्य क्षेत्र, पवित्र क्षेत्र त्यो ठाउँ मोक्ष धाम हो । भगवत नाम सञ्जिविनी जहाँ हुन्छ, तीर्थ स्नान जहाँ हुन्छ, ती मोक्ष धामहरु हुन् । पाप नहुनु भनेको प्रदूषण नहुनु हो । जल प्रदुषण, ध्वनी प्रदुषण, वायु प्रदुषणले रोग सिर्जना गर्दछ । रोग र राग एकै विषय हुन् । रागपछि रोग र रोगपछि राग आउने गर्छन् । मन, वचन र कर्मले जहाँ प्रदुषण हुँदैन, त्यो क्षेत्र पापरहित क्षेत्र हो र धर्म क्षेत्र हो । तप गरेर मोक्ष प्राप्ति हुन्छ तर, तप भनेको के हो ? शरीर सुकाएर तप हुने होइन, भोजन त्याग गरेर तप हुने होइन, पञ्चाग्नी तापेर तप हुने होइन, जलाहारी वा फलाहारी भएर मात्र तपस्वी हुने भए जलचर, कीट पतंग, मृग, हात्ती, ऊँटहरु तपस्वी हुन्थे । हृदयमा श्रद्धा, मनमा विश्वास हुनुको नाम तप हो । पतन हुनुबाट बँच्नुको नाम तप हो । तपस्वी हुने भनेको मोक्ष प्राप्त गर्नु हो । शिव र शक्ति साथमा लिनेले तप गरेको ठहर्दछ । शिव र शक्ति दुई विश्वास र श्रद्धा हो । ईश्वरप्रति भजन गर्नेले, प्रेम गर्नेले, भक्ति गर्नेले, हृदयदेखि ईश्वर प्राप्त गर्न प्रयास गर्नेले ईश्वर सर्वत्र देख्न सक्छ । ईश्वर विशालमा ब्रह्माण्डमय छन् भने शुद्धतामा चित्त् स्वरूप आत्ममय छन् । निराकार उनको स्वभाव हो भने विशाल आकार उनको साकार ब्रह्माण्ड स्वरूप हो ।

निस्काम भावमा तप हुन्छ, निस्काम भावमा मोक्ष हुन्छ । धर्तीलाई स्वर्ग बनाउन सकिन्छ । धर्ती स्वर्ग हुन सक्ने हुँदा देवलोक, दिप्तलोक भावले देवताहरु धर्तीमा अवतरित भएका हुन्छन् । महापुरुषहरु, दिव्यपुरुषहरु स्वर्गबाट धर्तीमा अवतरित भएका छन् । धर्तीलाई स्वर्ग बनाउने विभिन्न अवस्थाहरु छन् । यिनलाई स्वर्गका ढोकाहरु भनिन्छ । मोक्षका द्वारहरु हुन् यिनीहरु । मूल रूपमा यश, दान, अध्ययन, अध्यापन, तप, शास्त्रज्ञान, पराक्रम, वुद्धिको समुचित प्रयोग, कृतज्ञता, धेरै नबोल्नु, सरल हुनु, कोमल हुनु, इन्द्रिय निग्रह हुनु, निर्लोभी हुनु अरुको धन सम्पत्तिमा तुच्छ दृष्टिपात नगर्नु वास्तवमा धर्तीलाई स्वर्ग बनाउने आधार स्तम्भहरु हुन् । जहाँ धर्मको चिन्तन हुँदैन, त्यो धार्मिक स्थल हुन सक्तैन, धार्मिक सभा हुन सक्तैन । त्यो दिव्यधाम हुँदैन, त्यो दिव्य क्षेत्र हुँदैन, मोक्ष क्षेत्र पनि हुन सक्दैन ।

कुटुम्बमा वैर छ, परिवारमा द्वेष छ, सर्वत्र दोषदृष्टि छ भने उसलाई तपस्वी भन्न मिल्दैन । मानिस ध्यान-व्रतमा संलग्न भएर मात्र व्यक्ति तपस्वी बन्ने होइन । माला लगाएर पनि होइन, गेरु वस्त्र लगाएर मात्र पनि होइन । समाजमा, राष्ट्रमा वैर छ भने व्यक्ति तपस्वी भन्न मिल्दैन । मोक्षधाम समक्ष पुऱ्याउने आत्मा साच्चै साथी हो, मित्र हो । आत्मैव ह्यात्मनो बन्धु भनिएको छ शास्त्रमा । आफ्नो आत्मा नै साँचो अर्थमा मित्र हो । आत्माप्रति विश्वास नगर्नेलाई परमात्मा प्रति विश्वास हुँदैन । गीता अध्ययन, वेद पाठ र उच्च अनुष्ठानहरुले पनि मनलाई पवित्र पार्न कठिन हुन्छ यदि व्यक्ति आफैंलाई आफ्नो आत्मालाई आफैले विश्वास गरेको हुँदैन भने । आत्म विश्वास गर्नेहरुले आत्महत्यालाई स्वीकार गर्दैनन् । सर्वोपरि मन्त्र भनेको "हरि ओम् तत्सत्" नै हो । सबै मन्त्र सबैलाई सहज नहुन सक्छ । धेरै लगानी र ठूला मन्त्रोच्चारणबाट मात्र आत्मबोध हुन्छ भन्ने पनि होइन ।

हृदयमा शंका हुनेलाई, आत्माप्रति विस्मय हुनेलाई, आत्माप्रति स्नेह र विश्वास नहुनेलाई ईश्वरप्रति स्नेह र विश्वास हुन सक्दैन । यस्ता व्यक्तिलाई यो लोकमा सुख मिल्दैन । यो लोकमा सुख प्राप्त नगर्नेले परलोकमा सुख प्राप्त गर्छ भन्ने होइन । घर बनाउनु अघि नक्सा कोरिन्छ, इन्जिनियर, योजनाकारले काम गर्नु अघि नक्सा तयार गर्छ, डिजाइन तयार गर्छ । खेलाडीहरुले उत्कृष्टता प्राप्तिका लागि रिहर्सल गर्छन् भने श्रव्य, दृश्यमा, नाटक, गीत, भजन देखाउनु अघि रेकर्ड गरिन्छ । अर्थात् सबैथरिको पूर्वयोजना हुन्छ । पूर्वयोजना हुनु भनेको पूर्वअभ्यास पनि हो । भविष्यमा के कस्तो होला, मोटामोटी आकंलन गर्ने हो । स्वर्गीय आनन्द लिनेले त्यसको पूर्वाभ्यास गर्नुपर्ने हुन्छ । अभ्यास नगरी सहजै कुनै कुराको प्राप्ति सम्भव छैन । 'अभ्यासेन तु कौन्तेय वेराग्येन तु गृण्यते' भनिएको छ गीतामा ।

आत्माको शरीर वेद हो, स्वरूप यसको मन्दिर हो । वेद स्वयम् भगवान् हो । वेदको सार आत्मा हो । वेदको उपसंहार पनि आत्मा नै हो । तत्वज्ञान प्राप्त भएपछि छोड्न मन लाग्दैन । बुद्धिद्वारा यसको बोध हुन्छ । वेदबाट तत्वज्ञान प्राप्ति हुन्छ । वेद ४ किसिमका छन् । यजुर्वेद, ऋग्वेद, अथर्ववेद र सामवेद । सबै वेदहरु मानव शरीरका लागि नभई नहुने विषयहरु हुन् । तपबाट स्वर्ग मिल्छ, दानबाट भोग र सुख मिल्छ, तीर्थ स्नानबाट पाप नाश हुन्छ । ज्ञान र वैराग्यबाट मोक्ष प्राप्ति हुन्छ । भक्तिबाट ज्ञान र वैराग्य प्राप्ति हुन्छ । यो साइकलको चक्का जस्तै छ, घुमिरहन्छ । सबैको मूल जरोचाहिँ भक्ति नै हो, भक्ति वास्तवमा भाव हो, भक्ति सेवा हो, भक्ति सरलता हो । व्यक्तिले सरल, तरल हुन चाहनेले भक्तिको शरण, चरण ग्रहण गर्नु जरुरी छ । व्यक्तिको सरलता उसको संलग्नतामा हुन्छ । कठोर हृदयबाट व्यक्ति सरल हुन सक्तछ । आत्मबोधबाट ईश्वरबोध हुन्छ । ईश्वर बोधबाट परमेश्वर बोध हुन्छ । प्रयास बिना केही सम्भव छैन । घडा घोप्ट्याएर राख्दा वर्षाको पानीले भरिन्न ।

भागवतमा भगवानको भनाइ छ 'अहँ सर्वेषु भूतेषु' । यसको अर्थ हुन्छ म सबै प्राणीहरुमा छु । मन्दिरभित्र सुन चढाउने बाहिर डोजर चलाउने गर्नु हुन्न । मन्दिर वरपर दीन दुःखीहरु बसेका हुन्छन्, तिनको आर्त पुकारलाई बेवास्ता गर्न हुन्न । आधुनिक व्यक्तित्वहरुले पनि धर्मको परिभाषा गरेका छन् । डा. राधाकृष्णन भन्छन्- धर्मको उद्देश्य आत्माको शक्ति हो । सत्यको खोजी हो, ज्ञानको प्राप्ति हो । ज्ञान पाएर सिद्धार्थ गौतम बुद्ध बने । भक्तका सामु भगवान पनि नतमस्तक हुन्छन् र त भगवानकै शब्द छ 'अहँ भक्त पराधिनः', यसको अर्थ हो म भक्तको अधीनमा छु, भक्ति र श्रद्धा शिव र शक्तिको रूप हो ।

भक्तिबाटै ईश्वर प्राप्तिको मार्ग सहज हुन्छ । भक्तिका लागि धन, उमेर, कुनै थप योग्यता रूप, बल आवश्यक हुँदैन । बालक ध्रुवले कलिलो पाँच वर्षकै उमेरमा भगवान पाए । गोपिनीहरु अनपढ नै हुन् । विदुर दासी पुत्र हुन् । अमिलो बयर अर्पण गरेर राम पाइन् शबरीले, जो सबैबाट परित्यक्त थिइन् । कुब्जाको शरीर विरूप थियो । दर्शन धेरै प्रकारका छन् सांख्य, मिमांश, योग, वैशेषिक, वेदान्त आदि यी सबै आस्तिक दर्शन हुन् । नास्तिक दर्शनमा बौद्ध, जैन, चार्वाक् आदि छन् । पश्चिमी दार्शनिक डा. सिग्मण्ड फ्राइड, डा. युंग, एड्लर हेलफिल्ड, डा. ब्राउन आदि कैयन छन् जसले मनोविश्लेषणसमेत गरेका छन् । विद्वान् लेबनिज भन्छन्- संसार परमाणुबाट बनेको हो । ग्यालिलियो भन्छन्- संसार अणुद्वारा बनेको हो, गुरुत्वाकर्षण शक्तिले ग्रह, तारा, नक्षत्र, पृथ्वी समस्त आकाशीय पिण्डहरु रहेका छन् । आधुनिक विज्ञानले भनेको छ- शब्द भनौं ध्वनि एकबाट अर्कोतिर जान्छ, यो हाम्रो पूर्वीय मिमांश दर्शनले पहिले नै भनेको थियो । शरीर सन्चालन गर्ने स्वस्थ संसार हेर्ने रहर प्राचीन शास्त्र ऋग्वेदकै चाहना हो जसमा आजको आणविक शक्ति जस्तै कैयन मन्त्र शक्ति छ । त्यसैले हाम्रो पूर्वीय दर्शन कोही कसैले लहडमा तयार पारेको नभई स्वयम् ईश्वर प्रदत्त हो र यो प्राचीन मात्रै नभएर अर्वाचीन नै छ । ब्रह्म शक्तिबाट जहिले विश्वको रचना भयो, धर्म दर्शन पनि सँगसँगै आरम्भ भए । स्वयम् स्रष्टा प्रदत्त विषयवस्तु हो यो । वेदले आत्मा अमर छ भनेको छ भने सूर्यलाई आत्माको प्रतीक र चन्द्रमालाई मनको प्रतीक भनेको छ । पछि गान्धीले भने मात्रै होइन जीवनमै उतारे कि सत्याग्रह नै ठूलो बल हो ।

## सामाजिक सञ्जाल



**- राधाकृष्ण कटवाल**

मुखमा राम-राम, बगलीमा छुरा : संघीयताको विरोध गर्दै प्रदेशमा सांसद/मन्त्री बनाउने राप्रपा र राष्ट्रिय जनमोर्चा ! संसद र मिडियामा भुक्ने व्यवहारमा लुक्ने यी पार्टीको भ्रममा जनता पर्नु भनेको आफ्नै खुट्टामा आफैले बन्चरो हान्नु सरह हो ।संघीयता विरोधीले प्रदेश सांसद बनाउन मिल्छ ?



**- रञ्जित तामाङ**

'सत्ता बन्दूकको नालबाट निस्कन्छ' भनेर १० वर्ष टोटा पड्काउँदै हिँडेका खराँट नेताहरू वैद्य, बादल, विप्लवहरू आजको माओवादीमा छैनन् । त्यही सत्तारुढ माओवादीले अयोग्य लडाकुलाई पैसा दिएर के लछार्न खोजेको ? अयोग्य भनिएकाहरू धेरैजसो विदेश, रुख, घाम, घन्टीछाप भइसकेका छन् । पोस्ने कल्लाई हो ?



**- सुर्यराज आचार्य**

राष्ट्र बैंकको मौद्रिक नीति आवश्यकभन्दा बढी कसिलो देखिन्छ । हाम्रो राज्य संयन्त्र तथा प्राज्ञिक तहमा समेत आर्थिक/वित्तिय नीति निर्माण तथा अर्थतन्त्र व्यवस्थापनका लागि आवश्यक विज्ञताको कमी छ । निम्छरो विज्ञताले सधैं 'सेफ-साईड'मा बस्ने निर्णय लिँदा यस्तो भएको हो कि ?



**- सेतेमान तामाङ**

आर्थिक संकटको बेलामा माओवादी 'अयोग्य लडाकु' लाई दुई लाख दिने निर्णय गर्नु राज्यकोष दुरुपयोग गर्नुको साथै, झन् आर्थिक संकटतर्फ धकेल्नु हो । बरु तत्कालीन माओवादी लडाकु शिविरमा भएको घोटालाको छानबिन गर्नुपर्नेमा पुनः राज्यकोष दुरुपयोग गर्नु नीतिगत भ्रष्टाचार गर्नु हो । निर्णय तत्काल फिर्ता गरोस् ।

# अयोग्य लडाकुको सन्दर्भ

विचार



● बिदुर दाहाल

*एकातिर, अयोग्य लडाकु कति हुन् स्पष्ट छैन । अर्कोतिर, ति लडाकु अहिले कहाँ छन्, त्यो पनि प्रष्ट छैन । के प्रतिव्यक्ति दुई लाखले उनीहरूको भविष्य बन्दछ ? यो गहन प्रश्न हो । विगतमा जे-जसरी विषय आएका भएपनि अहिले यसको वैज्ञानिक विकल्प खोजी हुनुपर्दछ । लडाकुको व्यवस्थापन आवश्यक हो तर, रकम बाँड्ने कुरा सही होइन ।*

विगतमा माओवादी सत्ता स्वत स्फुर्त जनताको मन परिवर्तन भएर प्राप्त भएको थिएन । जहाँ कर, बल, डर, त्रासबाट प्राप्त भएको थियो । एक हिसाबले अप्रजातान्त्रिक तरिकाले प्राप्त भएको थियो । जुन बेग र गतिमा माओवादीले सत्ता र शक्ति प्राप्त गऱ्यो, सोही गतिमा क्षयिकरण पनि भयो । गलत तरिकाले प्राप्त शक्तिको दिगोपन कम हुनु स्वभाविकै हो । माओवादी त्यस्तै भयो ।

सत्ता प्राप्त भएपछि उ बहकियो । सत्ता चलाउन जानेन र टिकाउन सकेन । उसँग सत्ता चलाउने कौशलता थिएन । आफ्नो धरातल बिर्सेर सत्ता चलायो । जसले उसको अधोगतिलाई रोकेन । देशको सबैभन्दा ठूलो पार्टीबाट फुच्चे तेस्रो पार्टी हुँदै गर्दा अब भने माओवादीलाई एउटा राजनीतिक पार्टीका रूपमा टिक्न कठिन छ । दिनानु दिन यो क्षयिकरण हुँदै गएको देखिन्छ ।

कमजोर बन्दै गएको यो पार्टीले एउटा शक्तिको रूपमा टिक्न सकिन्छ कि भन्ने ध्याउन्नमा तत्कालिन समयका 'अयोग्य लडाकु'लाई दुई लाख रुपैयाँ बाँड्ने योजना ल्याएको छ । यद्यपी, यो कार्यक्रम अहिलेको भने होइन । यो शान्ति प्रक्रियासँग सम्बन्धित एजेण्डा त हो तर, निकै विवादित एजेण्डा पनि । अहिले माओवादीले यसलाई एजेण्डा बनाइरहेको छ । तर, यसले पनि उसको राजनीतिक क्षयिकरणलाई रोक्ने देखिन्न ।

सत्ता प्राप्तिको लागि हिजो गरीब, निमुखा र राज्यबाट अपहेलितलाई राज्य सत्ताको सपना देखाइएको थियो । माओवादी सत्ता प्राप्त भएपछि उनीहरुको लागि सिन्को पनि भाँचिएन । गरीब, निमुखाका लागि माओवादी सत्ताले केही गरेन । बरु दलाल र नवसभ्रान्त वर्गको हितमा काम गऱ्यो । जसले गर्दा उसको जगै भत्कियो । तत्कालिन समय, लडाकु व्यवस्थापनको विषयमा माओवादी निकै विवादमा तानिएको थियो । माओवादीमाथि लडाकुको संख्या बढाउनेदेखि तत्कालिन समय लडाकुका नाममा राज्यकोषबाट लगिएको पैसा दुरुपयोग गरिएकोसम्म आरोप छन् । जुन, स्वयम् पार्टी कमाण्डर प्रचण्डका अभिव्यक्तिले पनि पुष्टि गर्दछन् । एक हिसाबले भन्दा तत्कालिन समय माओवादीले लडाकुको नाममा भ्रष्टाचार गरेको थियो । अहिले अयोग्य लडाकुको नाममा फेरि पनि राज्यको पैसा बाँड्न खोज्दै छ । यसले पनि उसको क्षयिकरण यात्रालाई रोक्ने देखिन्न ।

एकातिर, अयोग्य लडाकु कति हुन् स्पष्ट छैन । अर्कोतिर, ति लडाकु अहिले कहाँ छन्, त्यो पनि प्रष्ट छैन । के प्रतिव्यक्ति दुई लाखले उनीहरुको भविष्य बन्दछ ? यो गहन प्रश्न हो । विगतमा जे-जसरी विषय आएका भएपनि अहिले यसको वैज्ञानिक विकल्प खोजि हुनुपर्दछ । लडाकुको व्यवस्थापन आवश्यक हो तर, रकम बाँड्ने कुरा सही होइन । बरु दुई लाख रूपैयाँ दिनुको सट्टा त्यसबाट केही ठूला उद्योग खोली अयोग्य लडाकुलाई रोजगार दिए त्यो दीर्घकालिन होला । दिगो होला । यसले उसको राजनीतिलाई भर थेग गर्ला । तथापी, यस्तो सोच माओवादी नेतृत्वलाई आउला र ? अनुमान गर्न सकिन्न । बाँडेको पैसाले माओवादी राजनीति टिक्ने वाला छैन । उसको तिब्र क्षयिकरणलाई रोक्ने छैन ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । अनावश्यक खर्चको योग छ । |
| वृष | : | स्वास्थ्य लाभ हुनेछ । पराक्रममा वृद्धिको योग छ । |
| मिथुन | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ । |
| कर्कट | : | नाता गोताको सहयोग प्राप्त हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| सिंह | : | अर्कामाथि भरोसा नगर्नुहोला । विवादमा परिने योग छ । |
| कन्या | : | पैतृक सम्पत्ति प्राप्तिको योग छ । शैक्षिक प्रगति हुनेछ । |
| तुला | : | महत्वपूर्ण भेटघाट हुनेछ । कार्यहरुमा सावधानी हुनेछ । |
| वृश्चिक | : | विरोधी सक्रिय रहनेछ । तनाव बढ्नेछ । |
| धनु | : | कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |
| मकर | : | राजनैतिक सहयोग प्राप्त हुनेछ । अनावश्यक खर्चको योग छ । |
| कुम्भ | : | सामाजिक कार्यमा वृद्धि हुनेछ । लगानी बढ्दै जानेछ । |
| मीन | : | नाता-गोता सित भेटघाट हुनेछ । पारिवारिक जीवन सुखी रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# रुसी आक्रमणमा २६ युक्रेनी मारिए

**काठमाडौं/एजेन्सी–** रुसी आक्रमणमा परी पाँच जना बालबालिकासहित २६ जनाको मारिएका छन् । युक्रेनमाथि करिब दुई दर्जन क्षेप्यास्त्र प्रहार गरेर रुसले ती गैरसैनिक मारेको युक्रेनी अधिकारीहरूले बताएका छन् ।

मध्य युक्रेनको ऐतिहासिक सहर उमानको आवासीय क्षेत्रमा रुसले हवाई हमला गरेको हो । भत्केका भवनका भग्नावशेषबाट मृतकका शव निकालिएका हृदयविदारक दृश्य एएफपीका पत्रकारले देखेका थिए । भग्नावेशषबाट बालबालिकाका शव पनि निकालिएका थिए ।

यो वर्ष शिशिर यामको प्रारम्भमा ऊर्जा र इन्धन प्रवाह गर्ने युक्रेनी पूर्वाधारमा आक्रमण गरेर रुसले जनजीवन कष्टकर पारेको थियो । केही समयका लागि आक्रमण बन्द गरेको रुसले नागरिक संरचना तथा आवासमा पुनः हमला थालेको छ ।

करिब असी हजार बासिन्दा रहेको लुगान्स्कमा पनि आक्रमण भएको छ । पूर्वी लुगान्स्क सहर रुसको नियन्त्रणमा छ ।

रुसी क्षेप्यास्त्रहरू मध्य सहर डिनिप्रोमा पनि वर्सिएका छन् । एकतीस वर्षीया एक महिला र उनकी दुई वर्षकी छोरी सुतिरहेको अवस्थामा मारिएका अधिकारीहरूले बताएका छन् ।

गत जनवरीमा उक्त सहरको आवासीय भवनमा भएको क्षेप्यास्त्र आक्रमणमा ४० जनाले ज्यान गुमाएका थिए ।

## श्री कौशिका सामुदायीक वन उपभोक्ता रौतामाई गाउँपालिका ३ उदयपुरको समुह बाहिर काठ विक्रि संबन्धि सूचना

**प्रकाशित मिति २०८०/०१/१७**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७९/०८० को विधिवत रुपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको लट नम्बर १ को खयर थान ५३७ को ५८३.३५ क्युफिट लट नम्बर २ को खोटेसल्ला थान ५ को ७६.७४ क्युफिट काठ बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।

## श्री रानीबास सामुदायीक वन उपभोक्ता रौतामाई गाउँपालिका ३ उदयपुरको समुह बाहिर काठ विक्रि संबन्धि सूचना

**प्रकाशित मिति २०८०/०१/१७**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७९/०८० को विधिवत रुपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको लट नम्बर १ को खयर थान ५७४ को ५०४.७५ क्युफिट काठ बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।

# जापानमा वैदेशिक रोजगारको अवसर

**१. कम्पनी : KYUSYU BUSINESS SUPPORT COOPERATIVE** शहर : Japan, Hita City
पूर्व स्वीकृत मितिः २०८०/०१/१५ चलानी नं.: ६०२००८३२ Lt.No.:284025

| सि.न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wood Processor | 3 | 156000 | १५२,५६८ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छैन | ३ वर्ष |

**२. कम्पनी : KYUSYU BUSINESS SUPPORT COOPERATIVE** शहर : Japan, Hita City
पूर्व स्वीकृत मितिः २०८०/०१/१५ चलानी नं.: ६०२००८३१ Lt.No.:284026

| सि.न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wood Processor | 2 | 136996 | १३३,९८२ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छैन | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २४ गते (7 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नो (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : निःशुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

**Solo Asia Recruitment PVT. LTD.**
(SNHR Manpower Pvt. Ltd.)
Gov. Lic No. 1427/074/75
Tokha 5, Basundhara , Near Donut Drool Cafe, Kathmandu
Phone: +977 01-5901486 | 5916604 | 9818166557 | Email: soloasiadocumentation@gmail.com

# UAE मा रोजगार

कम्पनी: ADVANCE TECHNICAL AND CLEANING SERVICES LLC
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०१/१४ चलानी नं.: ६०२००७६४ L.T. No.: 285341

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 6 | 0 | स. काममा दक्ष | 1200 | ४२,६८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician Assist | 4 | 0 | | 900 | ३२,०१३ | | | | | | | |
| 3. | Plumber | 10 | 0 | | 1200 | ४२,६८४ | | | | | | | |
| 4. | Plumber Assist | 5 | 0 | | 900 | ३२,०१३ | | | | | | | |
| 5. | A/c Mechanic | 9 | 0 | | 1200 | ४२,६८४ | | | | | | | |
| 6. | A/c Mechanic Assist | 1 | 0 | | 900 | ३२,०१३ | | | | | | | |
| 7. | Tile Layer | 9 | 0 | | 1300 | ४६,२४१ | | | | | | | |
| 8. | Tile Layer Assist | 3 | 0 | | 900 | ३२,०१३ | | | | | | | |
| 9. | Carpenter | 12 | 0 | | 1200 | ४२,६८४ | | | | | | | |
| 10. | Constrcution Carpenter | 1 | 0 | | 1200 | ४२,६८४ | | | | | | | |
| 11. | Steel Fixer | 1 | 0 | | 1200 | ४२,६८४ | | | | | | | |
| 12. | Building Painter | 2 | 0 | | 1200 | ४२,६८४ | | | | | | | |
| 13. | Assist Painter | 1 | 0 | | 900 | ३२,०१३ | | | | | | | |
| 14. | Welder | 5 | 0 | | 1200 | ४२,६८४ | | | | | | | |
| 15. | Road Maintenance Labourer | 1 | 0 | | 900 | ३२,०१३ | | | | | | | |

**अन्तर्वार्ता बिएम ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८० बैशाख २५ र २६ गते (8 & 9 May 2023) मा हुनेछ ।**
**अन्तर्वार्ता अञ्जली ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा २०८० बैशाख २७ गते (10 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**H. R. WORLD SERVICE PVT. LTD.**
श्रम इजाजत पत्र नं.: १४९३/०७४/०७५
Old Baneshwor -9 Kathmandu. Contact No: 4465793 | 9807906144 Ithari: 9817340294

# शुन्य लागत अन्तर्गत मलेसियामा रोजगारी
## EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

**कम्पनी : इन्फिनिओन टेक्नोलोजिज (कुलिम) एसडिएन. बिएचडी.**
**COMPANY: INFINEON TECHNOLOGIES (KULIM) SDN BHD**
ठेगाना : कुलिम, केडा दारुल अमन, मलेसिया । Kulim, Kedah Darul Aman, Malaysia
फोन : +६०४ ४२७ ८००० I +604 427 8000 | वेभसाइट : www.infineon.com

| पूर्व स्वीकृत मितिः २०८०/०१/१५ | चलानी नंः ६०२००८१८ | एल टि नं : २८५३९९ |
|---|---|---|
| Pre Approval Date: 2023/04/28 | Invoice No.: 60200818 | LT No.: 285399 |

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | मासिक तलब ने.रू. NPR | ओभरटाइम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hour/Day | हप्तामा काम गर्ने दिन Working Day/Week | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | १०० 100 | सो काममा दक्ष Skilled at related work | १५०० 1500 | ४३,९०५ 43,905 | कम्पनीको नियम अनुसार As per the company rule | १२ घण्टा 12 Hours | ४ दिन 4 Days | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup Fee | भिषा शुल्क Visa fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रथान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च Transport, Lodging & Food during final interview & before departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour approval | हवाई टिकट शुल्क Air ticket expenses | संस्थाको सेवा शुल्क Agency service charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free | निःशुल्क Free |

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रकिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

- यो भर्ती प्रक्रिया शून्य लागत नीति अन्तर्गत छ । टाइटानिकको सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी, फोटो, मेडिकल, भिसा, अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, बिमा, कल्याणकारी कोष, श्रम स्वीकृति, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ । त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कुनै शुल्क तिर्न पर्दैन । This recruitment is under zero cost policy. All the expenses (Passport, Photo, Medical, Visa, Transport, Lodging, Food During Interview & Before Departure, Orientation, Insurance, Welfare Fund, Labor Approval, Air Ticket) including titanic service charge will be borne by the employer. So, no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.
- यस रोजगारीको लागि हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, मोबाइल फोन, सुन, गरगहना, पशुधन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । No other item of value shall be given or commit to our office or anybody in lieu of fees (Gifts, Mobile Phone, Gold, Jewelry, Livestock Etc.)
- इच्छुक आवेदकहरुलाई कुनै पनि एजेन्ट/बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट/बिचौलिया छैन । We request interested applicants to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman anywhere.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन । No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.
- हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understand job related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ । Anyone willing to apply for the job must attend our pre-recruitment orientation session prior to filling the job application form.
- हामी समान अवसर प्रदायक संस्था हौं । त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरुको योग्यताको आधारमा मात्र छनोट गरिन्छ । We are equal opportunity provider. Hence candidates are selected solely based on their competency without any discrimination.
- यदि तपाईंसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज Titanic Manpower Supplier मा पनि सन्देश पठाउन सक्नुहुन्छ ।

+९७७-९८०१००४३४५ grievance@titanicmanpower.com

If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page - Titanic Manpower Supplier +977-9801004345 grievance@titanicmanpower.com

**प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय, बसुन्धरा चौकी, काठमाडौंमा २०८० बैशाख २१ गते हुनेछ ।**
Pre Interview will be held on 4 May 2023 at TITANIC **office, Basundhara Chauki, Kathmandu.**
**फाईनल अन्तर्वार्ता टाइटानिक कार्यालय बसुन्धारा चौकी, काठमाडौंमा २०८० बैशाख २५ गते हुनेछ ।**
Final Interview will be held on 8 May 2023 at TITANIC **office, Basundhara Chauki, Kathmandu.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

TITANIC Ethical Recruitment Agency Since 2002 — ISO 9001:2015 Certified Recruitment Agency
**टाइटानिक म्यानपावर सप्लायर प्रा.लि.**
**(Titanic Manpower Supplier Pvt. Ltd.)**
इजाजत पत्र नं.: २८५/०५८/०५९ (Licence No. 285/058/059 - 2002 A.D.)
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu Nepal)
+९७७-१-४९५३२५२ । ४९६४६६८ (+977-1-4953252 | 4964668)
Email: recruitment@titanicmanpower.com Website:www.titanicmanpower.com

# दोधारा चाँदनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दोधारा-चाँदनी, कञ्चनपुर, सम्पर्क फोन नं. ०९९-४०००३०**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## शिलबन्दी बोलपत्र आह्वानको सूचना

**सूचना नं. २८-०७९/०८० (शिक्षा)**
**प्रथम पटक प्रकाशित मितिः २०८०/०१/१७**

दोधारा चाँदनी नगरपालिकाका लागी चालु आ.ब. ०७९/०८० मा यस न.पा. अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा अध्ययनरत महिनावारी हुने उमेर (कक्षा ६ देखी कक्षा १२ सम्मका) कीशोरीहरुलाई निशुल्क बितरण हुने सेनिटरी प्याड शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक शिलबन्दी बोलपत्रदाताले यस आ.ब. का लागी नबिकरण भएका औषधी तथा स्वास्थ्य सामाग्री सम्बन्धी कार्यको कम्पनी, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, औषधी व्यबशायी दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र समेतका प्रमाणित प्रतिलिपीहरु सहित निबेदन पेश गरी नियमानुसार शिलबन्दी बोलपत्र बिद्युतिय माध्यमबाट सबमिट गर्न आह्वान गरिन्छ ।

**शर्तहरूः**

१. पहिलो पटक सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र कार्यालय समयमा तपशिल बमोजिमको दस्तुर (फिर्ता नहुने) बुझाई नगदी रसिद निबेदन साथ संलग्न राखी ईच्छुक शिलबन्दी बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधीले यस न.पा.को कृषि बिकास बैक लि. शाखा कार्यालय दोधारा-चाँदनी, कन्चनपुर मा रहेको खाता नम्बर ०८२३५०१५६३७६७०१९ राजस्व खाता मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ ।
२. खरिद गरेको बोलपत्र रीतपुर्बक भरी सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएको शिलबन्दी बोलपत्र सोही दिनको २:०० बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजका आधिकारिक प्रतिनिधीहरुको रोहेबरमा न.पा.को कार्यालयमा खोलिनेछ । शिलबन्दी बोलपत्रदाताहरु वा निजका आधिकारिक प्रतिनिधीहरुको उपस्थिती नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने अन्तिम दिन र खोल्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुल्ने दिन सो कार्य क्रमश हुनेछ ।
४. शिलबन्दी बोलपत्र साथ जमानत बाफत तपशिल अनुसारको ठेक्का नम्बर २८-०७९/०८० मा उल्लेखित रकम यस न.पा.को कृषि बिकास बैक लि. शाखा कार्यालय दोधारा, कन्चनपुरमा रहेको खाता नम्बर ग.३ ०८२३५०१५६३७६७१०८ धरौटी खाता मा नगद जम्मा गरेको सक्कलै बैक भौचर वा यस न.पा.को नाममा जारी गरेको कम्तीमा ३ (तिन) महिना म्याद भएको नेपाल सरकारद्धारा मान्यता प्राप्त बाणिज्य बैकको बैकको ग्यारेन्टी (Bid Bond) पेश गर्नुपर्नेछ ।
५. शिलबन्दी बोलपत्रदाताले कबोल गरेको दररेट अङ्ग र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अङ्ग र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिईने छ । कुनै केरमेट वा थपघट गर्नुपर्ने भए बुझिने गरी काटी सो काटिएको र थपिएको ठाउमा दाया बाया आधिकारिक ब्यक्तीको हस्ताक्षर हुनु पर्ने छ ।
६. सम्पुर्ण करहरु शिलबन्दी बोलपत्रदाताले नै ब्यहोर्नु पर्ने छ । कुनै पनि कर बाफत तिरेको रकमको यस कार्यालय बाट शोधभर्ना हुने छैन ।
७. प्रत्येक शिलबन्दी बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेखित शर्तको पुर्णरुपले पालना गर्नुपर्ने छ ।
८. शिलबन्दी बोलपत्रदाताले बोलपत्र खरिद गर्दा सम्बन्धीत कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप भएको बोलपत्र फाराम खरिद गर्नु पर्नेछ ।
९. आपुर्ती गरिने सेनिटरी प्याड IS/NS उत्पादन नेपाल गुणस्तर चिन्ह प्राप्त हुनु पर्नेछ र प्याडहरुको म्याद गुज्रने अबधी कम्तीमा १८(अठार) महिना बाकी भएको हुनुपर्नेछ ।
१०. रीत नपुगको, म्याद नाघी आएको र कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको शिलबन्दी बोलपत्र माथी कुनै किसिमको कार्यबाही गरिने छैन ।
११. शिलबन्दी बोलपत्र पुर्ण रुपमा वा आशिक रुपमा स्विकृत गर्ने वा बदर गर्ने सम्पुर्ण अधिकार यस न.पा.मा निहित रहने छ । साथै, बोलपत्रमा अल्लेख भएका औषधी सामाग्री हरुको प्रती ईकाई मुल्य अङ्ग र अक्षरमा उल्लेख गरेको हुनु पर्नेछ ।
१२. शिलबन्दी बोलपत्रदाताले उपलब्ध गराउने सेनिटरी प्याडहरु IS/NS उत्पादन नेपाल गुणस्तर चिन्ह प्राप्त हुनुपर्नेछ र बोलपत्र पेश गर्दा उक्त कम्पनीहरुका प्रमाणित सर्टिफिकेटहरु समेत पेश गर्नु पर्नेछ ।
१३. माग गरिएका सेनिटरी प्याडहरु एकमुष्ट उपलब्ध गराउनु पर्नेछ ।
१४. शिलबन्दी बोलपत्र सम्बन्धी अन्यकुराहरु बुझ्नु परेमा यस न.पा.मा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ ।
१५. यस सूचनामा उललेख हुन छुट भएका कुराहरु आर्थिक कार्यबिधी तथा बित्तीय उत्तरदायित्व, २०७६ तथा नियमावली, २०७७ र सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

**तपशिल**

| क्र.सं. | शिलबन्दी बोलपत्र ठेक्का नम्बर | कामको बिबरण | अनुमानित लागत अनुमान रु. (मु.अ.कर समेत) | धरौटी रकम रु. | शिलबन्दी फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २८-०७९/०८० | सामुदायिक विद्यालयहरु बाट निशुल्क बितरणका लागी सेनिटरी प्याड खरिद | रु. २६,२१,३४०।- (छब्बीस लाख एक्काईस हजार तीन शय चालिस मात्र) कर समेत | रु. १३०,०००।- (एक लाख तीस हजार मात्र) | रु. ३,०००।- (तीन हजार मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ वैशाख २०८०, आइतबार
30 April 2023, Sunday

# बक्स अफिस समाचार

## दशौं म्युजिक खबर म्युजिक अवार्ड सम्पन्न



**काठमाडौं/मस–** नेपाली संगीतको उत्सव 'दशौं म्युजिक खबर म्युजिक अवार्ड २०७९' शुक्रबार काठमाडौंस्थित लैनचौर बैंक्वटमा विशेष कार्यक्रमबीच सम्पन्न भएको छ। सांगीतिक क्षेत्रको सबैभन्दा पुरानो अनलाइन पत्रिका म्युजिक खबर डटकमको प्रस्तुति तथा शुभकामना मिडिया सोलुसनको आयोजनामा हरेक वर्ष हुँदै आएको अवार्डको दशौं संस्करण हो। सो अवसरमा सांगीतिक क्षेत्रका विभिन्न ४० विधाका स्रष्टा र सिर्जनालाई अवार्ड प्रदान गरिएको थियो। कार्यक्रममा विभिन्न स्रष्टाहरुलाई सम्मानित पनि गरिएको थियो। म्युजिक खबर दीर्घसाधना सम्मानबाट अग्रज गायिका तीर्थकुमारी थापालाई सम्मान गरियो भने दशकको सम्मानबाट गायक भोजराज काफ्ले र गायिका निशा देशारलाई सम्मान गरिएको छ। म्युजिक खबर युवा प्रतिभा पुरस्कारबाट गायिका मनिषा पोखरेललाई सम्मान गरिएको छ भने म्युजिक खबर डायस्पोरा संगीत सम्मानबाट वरिष्ठ गायक प्रेमराजा महतलाई सम्मान गरिएको छ।

म्युजिक खबर संगीत सम्मानबाट गीतकारद्वय राम अबिरल र रामचन्द्र ढकाललाई सम्मान गरिएको छ भने म्युजिक खबर बालप्रतिभा सम्मानबाट गायिका आयुषा गौतमलाई सम्मान गरिएको छ। त्यस्तै म्युजिक खबर पत्रकारिता सम्मान मध्यान्हकर्मी सानुकाजी श्रेष्ठ र सञ्चारकर्मी चन्द्रमणी गौतमलाई प्रदान गरिएको छ। अवार्ड समारोहमा राष्ट्रियस्तरका ख्यातीप्राप्त कलाकारहरुको प्रस्तुति रहेको थियो। जसमा लोकप्रिय गायक-गायिकाहरु देवी घर्ती, राजु गुरुङ, टिका प्रसाई, सरोज लामिछाने, शंकर बिसी, लोसिना लामिछाने, रुविना अधिकारी, रिना थापालगायतले प्रस्तुति दिएका थिए। कार्यक्रम गायक तथा संगीतकार अशोककुमार राईको संयोजनमा सांगीतिक समूहको सुमधुर धुनबाट शुरु गरिएको थियो। उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा कलाकार संघका अध्यक्ष मोहन निरौला, वरिष्ठ संगीतकार शम्भुजीत बास्कोटा, गायक बद्री पंगेनी, सिताराम पोखरेल, देविका बन्दनालगायत अन्य विशिष्ट कलाकर्मीहरुको उपस्थिति रहेको थियो।

## स्रष्टा सम्मान तथा रचना वाचन सम्पन्न

**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, १६ वैशाख

अनुराग साहित्य समाज नेपालको आयोजनामा शनिबार देवदहमा रमेश स्मृति सम्मान तथा रचना वाचन कार्यक्रम सम्पन्न भएको छ। संस्थाका अध्यक्ष यमलाल अर्यालको अध्यक्षता तथा देवदह नगरपालिका नगरप्रमुख ध्रुवप्रसाद खरेलको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा रमेश हरिलट्ठका भाई राजिव सापकोटाले उनको जीवनी प्रस्तुत गरेका थिए। कार्यक्रममा कला साहित्यका माध्यमबाट महत्वपूर्ण योगदान पुऱ्याउने साहित्यकारहरुलाई सम्मान गरिएको थियो। साहित्यकार रमेश हरिलट्ठको स्मृतिमा गठित रमेश स्मृति कोषले प्रदान गर्ने रमेश स्मृति सम्मान २०७६ बाट साहित्यकार बुद राना, २०७७ बाट साहित्यकार डा. घनश्याम परिश्रमी र २०७८ बाट साहित्यकार जीतबहादुर क्षेत्रीलाई सम्मान गरिएको थियो।

त्यस्तै नवोदित साहित्य वाचनालय कतारले प्रदान गर्ने नवोदित कृति अवार्ड साहित्यकार मिनराज बसन्तलाई प्रदान गरियो। सोही अवसरमा अनुराग साहित्य समाजका संस्थापक अध्यक्ष निर्मल ढुंगानालाई पनि सम्मान गरिएको थियो।

